मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १०६ ★ ने. सं. ११४६ बछला गा, सप्तमी ★ शनिबार ★ २६ वैशाख, २०८३ ★ May 9, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# इरान-अमेरिका तनाव फेरि चर्कियो

## अमेरिकी सेनाद्वारा हर्मुज जलडमरु कब्जा गर्ने असफल प्रयास

वासिङटन, २५ वैशाख ( एएफपी) । हर्मुज जलडमरु क्षेत्रमा अमेरिकी र इरानी सैन्य शक्तिबिच फेरि गोलाबारी भएपछि केही साताअघि कायम गरिएको युद्धविराममाथि गम्भीर प्रश्न उठेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड



ट्रम्पले युद्धविराम अझै कायम रहेको दाबी गरे पनि दुवै पक्षले एकअर्कामाथि आक्रमण सुरु गरेको आरोप लगाएका छन् । यसले मध्यपूर्वमा फेरि ठुलो द्वन्द्व भड्किने चिन्ता बढाएको छ ।

इरानी सैन्य बलले हर्मुज जलडमरु क्षेत्रमा गस्तीमा रहेका तीन अमेरिकी विध्वंसक युद्धपोतलाई लक्षित गर्दै मिसाइल, ड्रोन तथा साना डुङ्गामार्फत आक्रमण गरेको थियो । अमेरिकी सेनाले सबै आक्रमण विफल पारिएको दाबी गर्दै त्यसको जवाफमा इरानका सैन्य संरचना र सुविधामाथि कारबाही गरिएको जनाएको छ । अमेरिकी सेनाको केन्द्रीय कमान्ड सेन्टकमले सामाजिक सञ्जाल एक्समार्फत सार्वजनिक गरेको विवरणमा अमेरिकी जहाजमा कुनै क्षति नभएको उल्लेख गरिएको छ ।

सेन्टकमले आफूहरू तनाव बढाउने पक्षमा नरहेको तर अमेरिकी सैनिक र सामरिक सम्पत्तिको सुरक्षाका लागि आवश्यक कदम चाल्न बाध्य भएको भनी सफाइ दिएको छ । यद्यपि तेहरानले भने अमेरिका स्वयंले युद्धविराम उल्लङ्घन गरेको स्पष्ट पारेको छ । इरानको केन्द्रीय सैन्य कमान्डले अमेरिकी पक्षले तेल ट्याङ्कर तथा अन्य जहाजमाथि आक्रमण गरेपछि प्रतिशोधस्वरूप अमेरिकी युद्धपोतलाई निशाना बनाइएको जनाएको छ ।

अप्रिल ८ देखि लागू भएको युद्धविरामले केही समयका लागि अमेरिका-इजरायल र इरानबिचको प्रत्यक्ष तनावलाई रोक्ने आशा जगाएको थियो । तर, पछिल्लो भिडन्तले त्यो सहमति अत्यन्त कमजोर अवस्थामा पुगेको सङ्केत दिएको विश्लेषण गरिएको छ । युद्धविरामअघि अमेरिका र इजरायलले इरानका विभिन्न सैन्य तथा आणविक पूर्वाधारमाथि संयुक्त आक्रमण गरेका थिए । त्यसपछि इरानले रणनीतिक महत्त्व बोकेको हर्मुज जलडमरु क्षेत्रमा आफ्नो नियन्त्रण कडा बनाएको थियो ।

संयुक्त अरब इमिरेट्स (यूएई) ले शुक्रबार आफ्नो हवाई सुरक्षा प्रणालीले इरानबाट आएको मिसाइल र ड्रोन आक्रमणलाई रोक्ने प्रयास गरिरहेको जनाएको छ । यस घटनाले खाडी क्षेत्रका अन्य मुलुकहरू पनि प्रत्यक्ष रूपमा द्वन्द्वको प्रभावमा पर्न थालेको देखिएको छ ।

यसबिच इरानले अझै अन्तिम निर्णय नगरेको सङ्केत दिएको छ । इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले तेहरानले आफ्नो धारणा अन्तिम रूप दिएपछि मध्यस्थकर्ताको भूमिकामा रहेको पाकिस्तानलाई आधिकारिक जानकारी गराइने बताए । पाकिस्तानले अमेरिका र इरानबिचको तनाव कम गर्न केही सातायता सक्रिय पहल गर्दै आएको छ ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले बिहीबार युद्धविराम दीर्घकालीन शान्ति प्रक्रियामा रूपान्तरण हुन सक्ने विश्वास व्यक्त गरे । तर, त्यसको केही घण्टामै समुद्री क्षेत्रमा फेरि भिडन्त सुरु भएपछि कूटनीतिक प्रयास कमजोर बनेको देखिएको छ ।

इरान-अमेरिका तनावको असर लेबनानसम्म फैलिएको छ । दक्षिणी बेरुतमा इजरायली आक्रमणमा हिजबुल्लाहका एक कमान्डर मारिएपछि त्यहाँको युद्धविराम पनि फेरि सङ्कटमा परेको छ । अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले इजरायल र लेबनानबिच नयाँ चरणको वार्ता मे १४ र १५ मा हुने पुष्टि गरेका छन् । पछिल्ला महिनाहरूमा ती दुई देशबिच हुने यो तेस्रो औपचारिक वार्ता हो ।

युद्धविराम विस्तार गरिए पनि इजरायलले दक्षिणी लेबनानका केही क्षेत्रमा सैन्य उपस्थिति कायम राख्दै आएको छ । इजरायली सेनाले आफ्ना सैनिकमाथि आक्रमण गरेको आरोप लगाउँदै हिजबुल्लाहका संरचनामाथि आक्रमण जारी राखेको छ । लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार बिहीबार भएका इजरायली हवाई आक्रमणमा कम्तीमा १२ जनाको मृत्यु भएको छ ।

फेब्रुअरी २८ मा सुरु भएको अमेरिका-इजरायल र इरानबिचको युद्धपछि हर्मुज जलघाँटी क्षेत्र विश्वव्यापी व्यापार र ऊर्जा आपूर्तिका लागि सबैभन्दा जोखिमपूर्ण क्षेत्रमा परिणत भएको छ । संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय समुद्री सङ्गठनका महासचिव आर्सेनियो डोमिंगेजका अनुसार द्वन्द्वका कारण करिब एक हजार ५०० जहाज र २० हजारभन्दा बढी अन्तर्राष्ट्रिय चालक दल खाडी क्षेत्रमा अलपत्र परेका छन् ।

# चिकित्सकको सल्लाहबिना जथाभावी

## औषधि सेवन गर्न नहुने



भक्तपुर, २५ वैशाख । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खाने शैलीको वैज्ञानिक प्रयोगले शरीरलाई स्वस्थ र निरोगी बनाउने बताउँदै शरीरलाई निरोगी बनाउने खानेकुरा सेवनमा जोड दिनुपर्ने बताउनुभयो ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरको आयोजनामा भएको ‘भान्साघर औषधालय कार्यक्रम’ को अभिमुखीकरण कार्यक्रममा बोल्दै उहाँले भान्सा घरलाई औषधालय बनाउन सकिन्छ भन्दै चिकित्सकको सल्लाहबिना जथाभावी औषधि सेवन गर्न नहुने बताउनुभयो ।

उहाँले स्वास्थ्य नै ठुलो धन हो भन्दै स्वस्थ जीवनशैलीको लागि शारीरिक व्यायाम र आफ्नो भान्सालाई नै औषधालयको रूपमा प्रयोग गर्न सकिए उपयुक्त हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले नसर्ने रोगको जोखिम बढेसँगै नागरिकहरू आफ्नो स्वास्थ्यप्रति सजग र संवेदनशील बनिरहेको सन्दर्भमा भान्साघरलाई औषधालयको रूपमा ग्रहण गरी स्वस्थ जीवनशैली अपनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा आयुर्वेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरका कार्यालय प्रमुख डा. नदन कँडेलले ‘भान्साघर औषधालय’ विषयमा प्रस्तुतीकरण दिई कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो ।

नगरभित्रका आमा समूह र स्वास्थ्य स्वयम्सेविकाका प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा आयुर्वेद तथा वैकल्पिक चिकित्सालय भक्तपुरका कविराज रवीन्द्रप्रसाद भट्टले पनि बोल्नुभएको थियो ।

### व्यङ्ग्यचित्र कुनो




# देशका सबै भाषा र संस्कृति समान हुन्

हरेक देश र समाजको आ-आफ्नो विशेषता हुन्छ । नेपालको आफ्नै भौगोलिक विशेषता भएजस्तै जातजाति, भाषाभाषी, विविध संस्कृति नै नेपालको मौलिक विशेषता हो । यस अर्थमा नेपाल भन्नु नै विविध जातजाति र विविध संस्कृतिको पहिचान हो । हाम्रो बगैँचामा सबै रङ्ग र आकारका फूलहरू फुल्छन्; त्यही हाम्रोपन हो ।

कोरिया प्राय:द्वीपका दुई राज्य एउटै भाषाभाषी र संस्कृतिको समाज हो भने चीन विविध जातजाति र विविध संस्कृति भएको देश हो । त्यहाँ हान जातिको अत्यन्त ठुलो प्रतिशतको सङ्ख्या भए पनि सबै मिलेर बसेका छन् ।

संयुक्त राज्य अमेरिका बाहिरबाट आएका युरोपेलीहरूले बन्दुकको भरमा त्यहाँका आदिवासीहरूलाई धपाई र भगाई तिनीहरूको हराभरा भूमि कब्जा गर्दै तिनीहरूलाई जङ्गल, पहाड र बाँझो जग्गामा बस्न बाध्य बनाए । सङ्ख्याको हिसाबले अमेरिकी ताम्र वर्णका आदिवासीहरू सय भागका केही भाग मात्रै बाँचेका छन् ।

त्यस्तै, युरोपेली शासकहरूले लाखौँ अफ्रिकी दासहरूलाई अमेरिकी भूमिको खेती, उद्योग निर्माण र जबरजस्ती घरेलु काममा समेत लगाएर आजको अमेरिकी समृद्धिको जग हालेका थिए । संरा अमेरिकी सरकारले आदिवासी अफ्रिकी जनतालाई मात्र होइन मध्य अमेरिका र दक्षिण अमेरिकी विविध जातजाति र भाषाभाषीका जनतालाई पनि थिचोमिचो, हस्तक्षेप र पक्षपात गर्थ्यो अनि दोस्रो देशका नागरिकको रूपमा व्यवहार गर्थ्यो । यसकारण, संरा अमेरिकामा पक्षपात र हेला गरिएका करोडौँ जनताको सङ्गठित र असङ्गठित एवम् स्वयम्स्फूर्त सङ्घर्षहरू भइरहन्छन् । जसबारे शासकवर्गका समर्थक प्रचार - माध्यमहरूले संसारलाई बताउने आफ्नो कर्तव्य सम्झँदैनन् । जर्ज फ्लोयडको घटना एक अपवाद हो ।

यसकारण, शासक दलहरू, बहुमत प्राप्त जातजाति र भाषाभाषीहरूले अरुको सांस्कृतिक पक्षलाई आफ्नै सरह मान्ने वा स्वीकार्ने संवेदनशीलता देखाए आजको भन्दा राम्रो अवश्य हुनेछ - भोलिको समाज !

**राजा, राजतन्त्र र दलहरू**

राजा वर्गीय रूपले सामन्तवर्गमा पर्दछ तर व्यक्तिगत रूपले कुनै कुनै राजा-महाराजाहरू साम्राज्यवादविरोधी तथा उपनिवेशवादविरोधी हुन्छन् र देशको व्यापक जनताको भावना बुझेका पनि हुन्छन् । एसियामा सिंहानोक ( कम्बोडियाका राजा) र लावसका राजकुमारहरू (सुभाना भोङ) जस्ता राजकुमारहरू पनि थिए जसले आ-आफ्ना देशका जनतासँग मिलेर फ्रान्सेली उपनिवेशवाद, जापानी सैन्यवाद र अमेरिकी साम्राज्यवादबाट आ-आफ्ना देशलाई र राज्यको सार्वभौमिकतालाई जोगाए ।

सामान्य रूपले राजतन्त्रहरू आ-आफ्ना देशका सामन्त र ठुल्ठुला जग्गा धनी एवम् ठुलाठालुहरूको घेरामा परेका हुन्छन् । तिनीहरूकै साउती, उजुरी र भनसुनमा निर्भर रहन्छन् । राज्यका ती आउरेबाउरेहरू अधिकांश जनविरोधी र देशविरोधी हुँदा राजाहरूको निर्णय र कार्यहरू पनि देश एवम् जनताको अहितमा हुने गर्छ । प्रजातन्त्र र गणतन्त्रमा समेत हिजोकै ठुलाठालु एवम् भ्रष्टाचारी जनविरोधीहरूको सङ्गतले जनताबाट निर्वाचित सरकारसमेत देशविरोधी एवम् विदेशी पुँजीको पिछलग्गू बन्छन् र देशलाई बर्बाद पार्छन् । यसबारे जनता सरकारको आलोचक र आन्दोलनमुखी हुनु जरूरी छ ।

हिजो चारैतिर जालीफटाहा, मठ-मन्दिर र सांस्कृतिक धरोहरहरू मास्नेहरूकै कारण राजा र राजतन्त्र बदनाम भए । त्यसैले, प्रजातन्त्र र गणतन्त्रका शासकहरूको घेरा इमानदार र देशभक्तहरूको हुनु आवश्यक छ । नत्र इतिहास दोहोरिनेछ; शासकहरूको पतन नजिकिँदै जानेछ ।

९ असोज २०८० (सेप्टेम्बर २६, २०२३)

***सम्पादकीय सङ्कलन तेस्रो खण्डबाट***

# तीनमहिने आधारभूत कम्प्युटर तालिमका प्रशिक्षार्थीहरूलाई अभिमुखीकरण



भक्तपुर, २५ वैशाख । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले कम्प्युटर तालिमको आवश्यकता र महत्त्वलाई मध्यनजर गरेर एसईई दिएका विद्यार्थीलक्षित तीनमहिने आधारभूत कम्प्युटर तालिम सञ्चालन गरेको प्रस्ट पार्दै यसबाट देशलाई आवश्यक दक्ष जनशक्ति उत्पादन हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालन हुने तीनमहिने आधारभूत कम्प्युटर तालिममा सहभागी प्रशिक्षार्थीहरूको अभिमुखीकरण कार्यक्रममा उहाँले तालिममा सहभागी भई दक्षता हासिल गर्न शुभकामना दिँदै वर्तमान समयमा कम्प्युटरको ज्ञानबिना कुनै पनि काम गर्न असहज हुने हुँदा विद्यार्थीको लागि यो आधारभूत तालिम हो भन्नुभयो ।

एसईईका विद्यार्थीहरूले उच्च शिक्षा अध्ययनको लागि आफ्नो रुचि र क्षमताअनुसारको विषय रोज्न विशेष ध्यान दिनुपर्ने उल्लेख गर्दै उहाँले विद्यार्थीहरूमा अनुशासन अति आवश्यक विषय भएको बताउनुभयो । अनुशासित विद्यार्थीहरूले मात्र सफलता हासिल गर्ने बताउँदै उहाँ ले युवाहरूलाई विदेश होइन, आफ्नै देशमा बस्न प्रेरित गर्नुपर्छ भन्नुभयो ।

भक्तपुर नपाले तालिम सञ्चालन गर्नुको मुख्य उद्देश्य नै विद्यार्थीहरूलाई प्रतिस्पर्धी बनाउनु हो भन्दै उहाँले विद्यार्थीहरूलाई सफलता हासिल गर्न ध्यानकेन्द्रित भएर अगाडि बढ्न मार्गनिर्देश गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले एसईईका विद्यार्थीहरूको उज्ज्वल भविष्य निर्माणमा नपाले सधैँ समन्वय र सहयोग गर्ने विचार व्यक्त गर्दै भक्तपुरको सभ्यता र पहिचान जोड्ने माध्यम नयाँ पुस्ता हो भन्नुभयो ।

प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले कम्प्युटर शिक्षा विद्यार्थीहरूको आधारभूत ज्ञान भएको उल्लेख गर्दै नयाँ पुस्तालाई आईटीमा अभ्यस्त गराउनु आजको आवश्यकता हो भन्नुभयो ।

तालिमका प्रशिक्षक रमेश प्रजापतिले नपाले तालिम सञ्चालन गरी नयाँ पुस्तामा गरेको लगानीलाई फलदायी बनाउन प्रशिक्षार्थीहरू नियमित रूपमा तालिममा उपस्थित भई योग्यता हासिल गर्नुपर्नेमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभयो ।

# बोडे अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित वडा घोषणा




भक्तपुर, २५ वैशाख । भक्तपुरको मध्यपुर थिमि नगरपालिका वडा नं. ८ लाई आधारभूत तहको अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित भएको वडा घोषणा गरिएको छ । वडा समितिको निर्णयअनुसार शुक्रबार वैशाख २५ गते औपचारिक रूपमा घोषणा गर्दै प्रतिबद्धता जाहेर गरिएको हो ।

मध्यपुर थिमि नगरपालिकाका मेयर सुरेन्द्र श्रेष्ठको प्रमुख आतिथ्यमा शुक्रबार बोडे मावि बोडेमा एक कार्यक्रम गरी सो घोषणा गरिएको हो ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशाशकीय अधिकृत, मध्यपुर थिमि नगरपालिका वडा नं ८ का वडा अध्यक्ष रमेश थापा श्रेष्ठलगायतले सो घोषणा गरेका हुन् ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ अनुसार गरिएको घरधुरी सर्वेक्षणमा १४ वर्षमुनिका सबै बालबालिका विद्यालयको पहुँचमा रहेको पुष्टि भएपछि वडा घोषणा गरिएको जनाइएको छ । वडाका सामुदायिक विद्यालयहरूले आधारभूत तहमा भर्ना, मासिक तथा परीक्षा शुल्क नलिएको र शिक्षा सुनिश्चितताका मापदण्ड पूरा भएको उल्लेख गरिएको छ ।

घोषणापत्रमा वडा तथा नगरपालिकाले विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान, अभिभावक सचेतना, नियमित अनुगमन तथा वैकल्पिक शिक्षाको व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ । सामुदायिक तथा संस्थागत विद्यालयलाई विद्यालय छाड्ने बालबालिकाको अभिलेख राखी पुनः भर्नाका लागि पहल गर्न आग्रह गरिएको छ । त्यस्तै आर्थिक अवस्था कमजोर, दलित तथा सीमान्तकृत समुदायका विद्यार्थीलाई विशेष छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने विषय पनि घोषणापत्रमा समेटिएको छ । स्थानीय समुदायलाई विद्यालय उमेर समूहका बालबालिका विद्यालय बाहिर रहेको जानकारी भए सम्बन्धित निकायमा सूचना दिन आग्रह गरिएको छ ।

वडा नं. ८ ले यो अभियानलाई निरन्तर सञ्चालन गरिने जनाएको छ । नेपालका विभिन्न स्थानीय तहले पनि पछिल्ला वर्षहरूमा अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित वडा घोषणा अभियान सञ्चालन गरिरहेका छन् ।

# वडा नं. ५ मा आँखा परीक्षण तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर

भक्तपुर, २५ वैशाख । ख्वप तिलगङ्गा आँखा अस्पतालको प्राविधिक सहयोग तथा भक्तपुर नगरपालिका ५ नं. वडा कार्यालयको आयोजनामा आँखा परीक्षण तथा नसर्ने रोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नियमित स्वास्थ्य परीक्षण गर्न सके समयमै रोग पहिचान गर्न सहिजो हुने र उपचार पनि सम्भव हुने भएकोले यसतर्फ सबैले ध्यान दिनु जरूरी भएको उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति एवं भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंले वडावासीको सल्लाह र सुझावअनुसार नै शिविर सञ्चालन गरिएको उल्लेख गर्दै वडाको हरेक गतिविधिमा वडावासीको सहयोग आवश्यक हुने बताउनुभयो ।




कार्यक्रममा डा. अन्जु सुवाल र वडा सदस्य पूर्णगोपाल राजचलले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा २४७ जनाले स्वास्थ्य परीक्षण गराएका थिए ।

# 'मानवतामा एकता' नाराका साथ विश्व रेडक्रस दिवस मनाइँदै

काठमाडौँ, २५ वैशाख । 'मानवतामा एकताबद्ध' भन्ने नाराका साथ शुक्रबार विश्व रेडक्रस तथा रेड क्रिसेन्ट दिवस विश्वका विभिन्न मुलुकमा विविध कार्यक्रमका साथ मनाईदैछ ।

यस अवसरमा जारी सन्देशमा जटिल र विभाजित बन्दै गएको विश्वमा रेडक्रस तथा रेड क्रिसेन्टका स्वयंसेवक र कर्मचारीले बाहिरी व्यक्तिका रूपमा नभई समुदायकै सदस्यका रूपमा सहानुभूति, आशा, सम्मान र सहयोग प्रदान गर्दै आएको उल्लेख गरिएको छ ।

साथै, मानवीय सेवामा समर्पित हुँदै ज्यान गुमाएकाको स्मरणका साथ निष्पक्ष, स्वतन्त्र र तटस्थ मानवीय सहयोग आवश्यकतामा रहेका सबैसम्म पुगोस् भन्ने आह्वानसमेत गरिएको छ ।

प्रथम विश्वयुद्धपछि विश्वभर शान्तिका लागि साझा अभियान सञ्चालन गर्ने अवधारणासहित विश्व रेडक्रस दिवस मनाउने अवधारणा अघि सारिएको थियो । सन् १९४८ मे ८ मा पहिलो पटक यो दिवस मनाइएको थियो । सन् १९८४ देखि 'विश्व रेडक्रस तथा रेड क्रिसेन्ट दिवस'का रूपमा मनाउन थालिएको हो ।

मे ८ लाई अन्तर्राष्ट्रिय रेडक्रस समितिका संस्थापक तथा नोबेल शान्ति पुरस्कारका पहिलो विजेता हेनरी ड्युनाको जन्मजयन्तीका अवसरमा यो दिवस मनाउने निर्णय भएको अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्टले जनाएको छ ।

रेडक्रस तथा रेड क्रिसेन्टले विपद्, युद्ध, महामारी तथा मानवीय सङ्कटका समयमा लाखौँ स्वयंसेवकले सेवा प्रदान गर्दै आएका छन् । *(रासस)*

# उपकुलपति छनोटसम्बन्धी एकीकृत कार्यविधि: आवेदकले बौद्धिक चोरी र राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा गर्नुपर्ने

काठमाडौँ, २५ वैशाख । 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३'ले चालीस वर्ष उमेर पुगेका, कम्तीमा विद्यावारिधि उपाधिप्राप्त र कुनै पनि राजनीतिक दलको सदस्य नरहेका प्राज्ञिक व्यक्तिलाई आवेदन दिन योग्य मानेको छ ।

विभिन्न विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित समितिले शुक्रबार इच्छुक तथा योग्य उम्मेदवारलाई १० दिनभित्र दरखास्त दिन आह्वान गरेको छ । कार्यविधिमा आवेदकले विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको व्होरा खुलेको स्वघोषणापत्र र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको तथा कुनै पनि लेख-प्रकाशनमा बौद्धिक चोरी (प्लेगारिज्म) नगरेको स्वघोषणापत्र समावेश गर्नुपर्ने उल्लेख छ ।

उपकुलपति नियुक्तिका लागि गठित छनोट तथा सिफारिस समितिले स्वीकृत गरेको कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेबसाइटमा राखिएको छ । 'सार्वजनिक पदाधिकारीहरूको पदमुक्तिसम्बन्धी विशेष अध्यादेश, २०८३' बमोजिम विभिन्न विश्वविद्यालयको रिक्त उपकुलपति पदमा खुल्ला प्रतिस्पर्धाबाट नियुक्तिका लागि नयाँ कार्यविधि जारी गरिएको हो ।

उपकुलपति छनोट तथा सिफारिस समितिले प्रकाशन गरेको सूचनाअनुसार त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयको रिक्त उपकुलपतिका लागि आवेदन माग गरिएको छ ।

कार्यविधिमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको, अनुसन्धान र प्राज्ञिक क्षेत्रमा १० वर्षको अनुभव भएको, शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापनसम्बन्धी सीप तथा कौशल प्रदर्शन गरेको हुनुपर्नेछ ।

यसैगरी, ४० वर्ष उमेर पूरा भएको, उच्च नैतिक चरित्र भएको, प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको, आवेदक सम्बन्धित विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको, नेपाली नागरिक भएको, दरखास्त दिने समयमा कुनै राजनीतिक दलको सदस्य नरहेको हुनुपर्नेछ । यस्तै लुम्बिनी बौद्ध विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयको उपकुलपतिका हकमा सम्बन्धित विषयमा विद्यावारिधि भएको हुनुपर्नेछ ।

आवेदकले सोचपत्र (भिजन पेपर) र रणनीतिक कार्ययोजना (स्ट्राटेजिक एक्सन प्लान अफ युनिभर्सिटी) पेस गर्नुपर्नेछ । आवेदकमध्ये १० उम्मेदवारको अल्पसूची प्रकाशन हुनेछ । सोचपत्र र रणनीतिक कार्ययोजनाको एक जनाभन्दा बढी विज्ञबाट मूल्याङ्कन गराइनेछ । विज्ञबाट मूल्याङ्कनपश्चात् शिलबन्दी गरी गोप्यरूपमा अभिलेख राखी आवेदकको प्रस्तुतीकरण तथा अन्तर्वार्ता गरी समग्र १०० प्राप्ताङ्कमा मूल्याङ्कन गरिनेछ । एउटा उम्मेदवारले बढीमा दुई विश्वविद्यालयको उपकुलपतिमा आवेदन दिन सक्नेछ । *(रासस)*

# उपकुलपतिका लागि दर्खास्त आह्वान

काठमाडौँ, २५ वैशाख । विभिन्न विश्वविद्यालयमा रिक्त उपकुलपति सिफारिस गर्न गठित समितिले दरखास्त आह्वान गरेको छ । उपकुलपति छनोट तथा सिफारिस समितिले आठ वटा विश्वविद्यालयका निम्ति दरखास्त आह्वान गरेको हो ।

समितिले त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयको रिक्त उपकुलपतिका लागि आवेदन माग गरेको हो ।

समितिले 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको 'वेबसाइट'मा राखेको छ ।

**सङ्क्षिप्त समाचार**

# लुम्बिनी बौद्ध विश्वविद्यालयको अन्तर्राष्ट्रिय सांस्कृतिक दूतमा फु च्याङ नियुक्त

काठमाडौँ, २५ वैशाख । लुम्बिनी बौद्ध विश्वविद्यालयले चिनियाँ विद्यार्थी फु च्याङलाई 'अन्तर्राष्ट्रिय शिक्षा तथा सांस्कृतिक आदान-प्रदान दूत' नियुक्त गरेको छ । उपकुलपति प्राध्यापक डा. सुवर्णलाल बज्राचार्यले फुलाई दूत नियुक्तिको प्रमाणपत्र प्रदान गर्नुभएको हो ।

विश्वविद्यालयले दूतमा नियुक्त चिनियाँ नागरिक फु च्याङले अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना प्रवर्द्धन तथा सांस्कृतिक आदानप्रदान तथा पहुँच विस्तारमा महत्त्वपूर्ण योगदान पु¥याएको जनाएको छ । सन् २०२५ देखि सोही विश्वविद्यालयमा बौद्ध दर्शनशास्त्र अध्ययनरत उहाँले चीनबाट परोपकारी सहयोग जुटाएर नेपाली ग्रामीण बस्तीमा इनार निर्माण, विश्वविद्यालय पुस्तकालयमा सहयोगलगायत विभिन्न परियोजनामा सक्रिय योगदान पु¥याउनुभएको विश्वविद्यालयले जनाएको छ ।

नवनियुक्त दूत फु छियाङले बौद्ध दर्शनशास्त्र अध्ययनमा आफ्नो शैक्षिक यात्रालाई अझ सुदृढ बनाउँदै अन्तर्राष्ट्रिय स्तरमा बौद्ध शिक्षाको प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाउनुभएको छ । उहाँले नेपालकै एक मात्र बौद्ध विश्वविद्यालयको पहिचान र बौद्ध धर्मको वास्तविक सार विश्वसामु प्रस्तुत गर्ने लक्ष्य लिनुभएको छ । विश्वविद्यालयले पनि आगामी दिनमा अन्तर्राष्ट्रिय सहकार्य र सांस्कृतिक आदान-प्रदानलाई अझ सशक्त बनाउने विश्वास लिएको छ । ***(रासस)***

# प्राविधिक समस्याले पेसी सार्वजनिकमा ढिलाइ

काठमाडौँ, २५ वैशाख । सर्वोच्च अदालतले सूचना प्रविधिको शाखामा प्राविधिक समस्याका कारण पेसी सार्वजनिक हुन ढिलाइ भएको जनाएको छ ।

संवैधानिक परिषद्को सिफारिसका विषयलाई लिएर पेसी तोक्न ढिलाइ भइरहेको विषयमा सत्यता नभएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "समयमै पेसी तोकिएको हो, सूचना प्रविधिमा आएको प्राविधिक समस्याले ढिलाइ भएको हो ।"

प्राविधिक समस्याका कारण शुक्रबार सर्वोच्च अदालतमा मुद्दाको पेसी करिब दुई घण्टा ढिलागरी मात्रै सार्वजनिक भएको थियो । ***(रासस)***

# ट्राफिक कारबाहीमा एकैदिन १८ लाख ७६ हजार राजस्व सङ्कलन

काठमाडौँ, २५ वैशाख । बितेका २४ घण्टामा एक हजार ८०६ सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. १८ लाख ७६ हजार ५०४ राजस्व दाखिला भएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको ७७, नियमविपरीत 'राइड सेयरिङ' गरेका १६२, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता १०६ र तीव्र गतिमा सवारीसँधन हुइँक्याएका ८८ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ८४, निषेधित क्षेत्रमा हर्न बजाउने ३९, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने ७७, एकतर्फी सडकमा सवारी चलाउने १११ र अन्य सवारी नियम पालना नगरेका एक हजार ६२ जनालाई कारबाही गरिएको हो । ***(रासस)***

# अनुमतिबिना यार्सागुम्बा सङ्कलन गर्न गएका २५ जना नियन्त्रणमा

मुगु, २५ वैशाख । अनुमतिबिना यार्सागुम्बा सङ्कलनका लागि गएका २५ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । मुगुका विभिन्न पाटनमा यार्सागुम्बा सङ्कलन गर्न गएका एक बालिकासहित २५ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी नायब उपरीक्षक रविराज थपलियाले जानकारी दिनुभयो ।

"अनुमतिविना पाटन वन क्षेत्रमा प्रवेश गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएका छौँ, उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा ल्याइएको छ", उहाँले भन्नुभयो ।

मुगुम कार्मारोङ गाउँपालिकाले यार्सागुम्बा सङ्कलनसम्बन्धी सूचना प्रकाशित गरेको छैन । यार्सागुम्बा सङ्कलनको समय नजिकिँदै गर्दा मुगुका यार्सापाटनमा सुरक्षा बढाइएको छ ।

मुगुका दुई दर्जनभन्दा बढी वन तथा पाटनमा पाइने बहुमुल्य, बहुउपयोगी जडीबुटी यार्सागुम्बा सङ्कलनका लागि हुम्ला, जुम्ला, बाजुरा, दैलेख, कालीकोट, अछामसहित मुलुकभर र भारतबाट सङ्कलनकर्ता र खरिदकर्ता पाटन पुग्ने गरेका छन् ।

यार्सागुम्बा दुर्गमका जनताको प्रमुख आर्थिक स्रोतका रूपमा रहेको छ । यहाँ जनता आफ्नो वर्षभरिको पारिवारिक खर्च यार्सागुम्बा बिक्रीबाटै जुटाउने गर्दछन् । ***(रासस)***



**कर्णाली नदीमा सुन खोज्दै महिला :** भजनी (कैलाली) । कैलाली र बर्दिया जिल्ला हुँदै बग्ने कर्णाली नदीमा सुन खोज्न नदीको बालुवा चाल्दै सोनाहा जातिका महिला । ***तस्बिर :*** *झलनाथ खनाल/रासस*

# ढोरपाटनमा यस याममा १३ नाउर र ६ झारलको सिकार

**- भीष्मराज ओझा**

काठमाडौँ, २५ वैशाख । नेपालको एकमात्र 'ढोरपाटन सिकार आरक्ष'मा यस वर्षको दोस्रो याम (चैत-वैशाख) मा १३ नाउर र छ झारलको सिकार गरिएको छ ।

यस आरक्षमा लिखित अनुमति लिएर तोकिएको समय र क्षेत्रमा नाउर, झारल, रतुवा र बँदेलको सिकार गर्न पाइन्छ । आरक्षमा दुई याममा सिकार खेलाइन्छ । पहिलो याम (असोज-कार्तिक) र दोस्रो याम (चैत-वैशाख) हुने गर्छ ।

यस याममा आरक्षका ब्लकहरू सुनदहमा दुई नाउर र दुई झारल, सेडमा दुई नाउर, दोगाडीमा पाँच नाउर, बार्सेमा एक नाउर, फागुनेमा एक नाउर र एक झारल तथा घुस्तुङमा दुई नाउर र तीन झारलको सिकार गरिएको छ । सिकारीले अनुमति लिएकामध्ये एक नाउर, चार झारल र १३ बँदेलको भने सिकार गर्न नसकेको आरक्ष कार्यालयले जनाएको छ । यो वर्षको दोस्रो सिजनका लागि १४ नाउर, १० झारल र १३ बँदेलको सिकार गर्न कोटा निर्धारण गरिएको थियो ।

पेसेवर विदेशी सिकारीका लागि यो आरक्ष विश्वमै प्रख्यात छ । यो आरक्ष यिनै वन्यजन्तुको सिकार गर्नका लागि विश्वमै एक प्रमुख गन्तव्यकै रूपमा चिनिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सिकार खेल्नका लागि आवश्यक कानुनी प्रक्रियामार्फत राजस्व निर्धारण गर्ने गरेको छ ।

सिकार खेलाएर आरक्षले आर्थिक वर्ष २०८०/८१ मा चार करोड २६ लाख ८८ हजार ७००, आव २०८१/८२ मा रु. दुई करोड ७५ लाख ६० हजार ४०० र आव २०८२/८३ रु. चार करोड १७ लाख ७९ हजार राजस्व आम्दानी गरेको आरक्षका रेन्जर सागरप्रसाद सुवेदीले बताउनुभयो ।

नाउरको तौल औसतमा ७० केजीभन्दा बढी हुन्छ । सिकारीले सिकार गरेपछि वन्यजन्तुको आखेटोपहार (सिङ, छाला र खुर) कानुनी रूपमा व्यवस्थित तवरले आफूसँगै लैजाने गरेको रेन्जर सुवेदीले जानकारी दिनुभयो । सिकार गरिएको वन्यजन्तुको मासु जङ्गलमा समूहमै खाने र अन्य फोहर गाड्ने गरिन्छ ।

आरक्षमा यो याममा नेपाल ट्राभल एकसपिडिसन प्रालि, हिमालयन सफारिज प्रालि, हिमालयन वाईल्डलाइफ आउटफिटर्स प्रालि, ओपन नेपाल वाईल्डलाइफसफारी एण्ड ट्रेक प्रालि, ग्लोबल सफारिज नेपाल प्रालि र ट्राक्स एण्ड ट्रेल्स प्रालिले सिकारका लागि टेण्डर पाएका थिए ।

बोलपत्र बढाबढमा सबैभन्दा बढी मूल्य बोलकबोल गर्ने कम्पनीलाई सिकारका लागि छनोट गर्ने गरिएको विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिनुभयो । बोलपत्र बढाबढमा अधिकतम् एक नाउरको सिकार गर्न रु. २३ लाखसम्म र झारलको सबैभन्दा बढी रु. १८ लाखसम्म बोलकबोल गरिएको विभागको तथ्याङ्क छ ।

"सिकार गर्नका लागि सिकारीलाई २१ दिनसम्मको समय दिइन्छ । सिकारीले अनुमति प्राप्त बन्दुक र गोली आफ्नो देशबाट ल्याउने र त्यसैले सिकार गर्ने गर्छन्", वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो । सिकारीका लागि सो अवधिमा २५ देखि ३० जना सहयोगी टोली खटिन्छन् ।

यी वन्यजन्तुको सिकार खेल्न दिनका लागि प्रत्येक पाँच वर्षमा गणना गरिन्छ । सन् २०२१ मा गणनाअनुसार नाउरको सङ्ख्या एक हजार २९० र झारलको सङ्ख्या ७४४ रहेको आरक्षका रेन्जर सुवेदीले जानकारी दिनुभयो ।

**कसरी निर्धारण गरिन्छ सिकार**

आरक्षमा जन्यजन्तुको गणनापछि वैज्ञानिक तरिकाले सिकार लागि निश्चित सङ्ख्या निर्धारण गरिन्छ । सङ्ख्या निर्धारणपछि बुढो उमेरको भालेको मात्र सिकार गर्ने, गरिने आरक्षको भनाइ छ । करिब १२ वर्षभन्दा बुढो उमेरका भालेको आँकलन गरी टेलिस्कोपबाट हेरेर पहिचान निश्चित गरिन्छ ।

"यसरी सिकार गर्न दिँदा कुनै जनावर अत्यन्त न्यून वा सखापै हुने अवस्था रहँदैन । साथै जनावरको सङ्ख्या अत्यधिक बढेर आफ्नै बासस्थानलाई नोक्सान पु¥याउने वा स्थानीय बालीनालीलाई अत्यधिक क्षति पु¥याउने परिस्थिति पनि उत्पन्न हुँदैन", वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो ।

विसं २०४४ मा स्थापना भएको यस आरक्षको क्षेत्रफल एक हजार ३२५ वर्ग किमी रहेको छ । रुकुम पूर्व, बाग्लुङ र म्याग्दीका केही भागमा आरक्ष फैलिएको छ । यस आरक्षमा ३२ प्रजातिका स्तनधारी जनावर पाइन्छन् । प्रमुख जनावर नाउर, झारल, थार र हिमाली भालु हुन् । यहाँ दुर्लभ एवं संरक्षित पन्छीको सूचीमा परेका डाँफे, मुनाल, चिरलगायत १६४ प्रजातिका चराहरू पाइन्छन् । वन्यजन्तुको सदुपयोगका साथै संरक्षण होस् भन्ने हेतुले यस क्षेत्रलाई सिकार आरक्ष बनाइएको हो ।

आरक्षमा सिकार खोलाउने मध्येको एक हिमालयन सफारिज कम्पनीले यस याममा सिकारका लागि नाउर दुई, झारल एक र दुई बँदेलको अनुमति लिएको जनाएको छ । त्यसमध्ये दुई नाउरको सिकार गरेको र मौसमी प्रतिकूलताका कारण एक झारलको सिकार गर्न नसकिएको सञ्चालक महेश बस्नेतले बताउनुभयो ।

"प्राय: सिकारीले बँदेलको सिकारमा खासै इच्छा देखाउँदैनन् र सहजै भेटिएमा मात्र सिकार गर्ने गरेका छन् । तर नाउर र झारलसँगै सङ्ख्याको अनुपातमा बँदेलको पनि सिकारका लागि अनुमति भने लिनैपर्ने कानुनी प्रावधान छ", सञ्चालन बस्नेतले भन्नुभयो ।

यस याममा संयुक्त राज्य अमेरिका, फ्रान्स, स्पेन, रसिया, जर्मनी, बेल्जियम र डेनमार्कका नागरिक सिकार खेल्न आएका थिए । कम्पनीहरूले प्रतिशिकारी पर्यटकबाट ३० देखि ३५ हजार अमेरिकी डलर लिएर सिकार खेलाउने गरेका छन् । यस अघिको तुलनामा आरक्षमा चोरी, सिकारी नियन्त्रण भएकोले वन्यजन्तुको सङ्ख्यामा वृद्धि देखिएको आरक्ष कम्पनीहरूको भनाइ छ । ***(रासस)***

# एघार प्रकारका औषधि उत्पादन गर्दै आयुर्वेद केन्द्र

चितवन, २५ वैशाख । आयुर्वेद औषधि उत्पादन केन्द्र रत्ननगरले ११ प्रकारका औषधि उत्पादन गर्दै आएको छ । केन्द्रले गत आर्थिक वर्षमा नौ प्रकारका औषधि उत्पादन गर्दै आएकामा यस वर्ष थप दुई प्रकारका औषधि उत्पादन गरेको हो ।

औषधि व्यवस्था विभागबाट २० प्रकारका औषधि उत्पादन गर्ने अनुमति प्राप्त गरेको भए पनि अहिले ११ वटा मात्रै उत्पादन गर्दै आएको केन्द्रका प्रमुख डा. सुरेश महर्जनले जानकारी दिनुभयो ।

उहाँका अनुसार अहिले उत्पादन हुँदै आएकामा चूर्ण (धुलो) औषधि हुन् । केन्द्रले अब ट्याब्लेटमा औषधि उत्पादन गर्दैछ । पहिलोपटक नौ प्रकारका ट्याब्लेट औषधि उत्पादनका लागि अनुमति लिएर काम सुरु गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिलोपटक हामी ट्याब्लेट औषधि उत्पादन गर्ने प्रक्रियामा रहेका छौँ ।"

केन्द्रले अहिले अश्वगन्धा चूर्ण ५० ग्राम र १०० ग्राम, अविपत्तिकर चूर्ण ५० ग्राम, महासुदर्शन चूर्ण ५० ग्राम, निमबादी चूर्ण ५० ग्राम, पुस्यानुग चूर्ण ५० ग्राम, त्रिफला चूर्ण ५० ग्राम, सीतोपलादी चूर्ण ५० ग्राम, आमलकी चूर्ण १०० ग्राम, बिल्वादी चूर्ण ५० ग्राम, हिङ्वास्टक चूर्ण ५० ग्राम रहेका छन् ।

यस्तै, खदिरादी वटी, सर्पगन्धाघन वटी, गन्धक रसायन, चन्द्रप्रभा वटी, मटाशङ्ख वटी, रजप्रवर्तिनी वटी, योगराज गुग्गुलु, महायोगराज गुग्गुलु, कैशोर गुग्गुलु ट्याब्लेट उत्पादनको तयारीमा रहेको उहाँले जानकारी दिनुभयो ।

वाग्मती प्रदेश सरकारको अनुमति र सङ्घीय सरकारको मापदण्डमा रहेर औषधि उत्पादन गर्दै आएको उहाँले जानकारी दिनुभयो । अहिले केन्द्रले २३ औषधि उत्पादनलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ । उहाँका अनुसार केन्द्रले प्रदेश सरकारबाट ११९ औषधि उत्पादनका अनुमति पाइसकेको छ ।

सरकारले प्राथमिकतामा राखेका २३ औषधि उत्पादन गर्ने तयारी गरिरहेको उहाँले बताउनुभयो । सरकारले अत्यावश्यकभित्र राखेका औषधि उत्पादन गरेर नि:शुल्क उपलब्ध गराउने तयारी गरेको छ ।

सरकारले जारी गरेको कुशल औषधि उत्पादन अभ्यास निर्देशिका २०८२ अनुसार औषधि उत्पादन र सिफारिस गरिएको उहाँले बताउनुभयो । वाग्मती प्रदेशभित्र रहेका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा औषधि पु¥याउने गरी काम गरिएको उहाँले जानकारी दिनुभयो । ***(रासस)***

**। सम्पादकीय ।**

# व्यापक जनताको सुखको निम्ति पुँजीवादी व्यवस्था नै फाल्नुपर्छ

बहुमत जनताको जीवन सुनिश्चित गर्न सुधार होइन आमूल परिवर्तन आवश्यक हुन्छ । केही सुधारात्मक कार्य हुनु आमूल परिवर्तन होइन । यो पुँजीवादी व्यवस्थाभित्र रहेर आमूल परिवर्तनको निम्ति प्रयास भए पनि देशका सामन्त, पुँजीपति, प्रतिक्रियावादी, जमिनदार, जालीफटाहाहरूले परिवर्तनमा बाधा हालेका हुन्छन् । परिवर्तनको निम्ति सङ्घर्ष गर्नुबाहेक अर्को विकल्प छैन । सङ्घर्ष व्यापक जनताको हितमा हुनुपर्छ । त्यसको निम्ति सचेत र सङ्गठित शक्तिको आवश्यकता हुन्छ । भदौ २३ र २४ गते युवा-विद्यार्थीले गरेको आन्दोलन शासकहरूले विगतमा गरेको गलत कार्य वा मनपरीतन्त्रको आक्रोश त हो । तर, त्यो आक्रोशलाई आन्दोलनरत पक्षले नियन्त्रण गर्न सकेन । आन्दोलनबाट शक्तिशाली सरकार ढले पनि जनताले राहत पाएनन् । आन्दोलन अनियन्त्रित भयो । आन्दोलनमा अराजकता देखियो । आन्दोलन उपद्रोमा परिणत भयो । सारमा आन्दोलन अव्यवस्थित भयो । आन्दोलनले सही मार्ग कोर्न सकेन ।

आन्दोलनको उपलब्धि रास्वपाले पायो । रास्वपामा जेन-जी आन्दोलनका अगुवा युवाहरू सरिक भए । जेन-जी आन्दोलनकै कारण रास्वपाको सरकार बन्यो । आन्दोलनले सरकार त ढाल्यो । त्यसपछि आन्दोलन कहाँ बिसाउने या के गर्ने भन्ने कुरामा नेतृत्व पक्ष अलमलियो । आन्दोलन अघि बढाउने कि नबढाउने ? आन्दोलनरत पक्षको नेतृत्वमा सरकार गठन गर्ने कि नगर्ने भन्नेमा उनीहरू नै भ्रममा परे । आन्दोलनरत पक्षले सरकारको नेतृत्व गर्न नसक्ने प्रश्न पनि उठ्यो । एकातिर आन्दोलनरत युवाहरू आन्दोलन र सरकार गठनको सवालमा अन्योलमा परे भने अर्कोतिर आन्दोलन विभिन्न जिल्लामा छरे पनि व्यवस्थित थिएन; जनताको व्यापक समर्थन थिएन । यही कारण आन्दोलनरत युवाहरूले न आफ्नो उद्देश्य पूरा गर्न सके न त दिशा निर्देश गर्न सके ।

साँच्चै व्यापक जनताको समर्थनमा आन्दोलन भएको भए; आन्दोलन व्यवस्थित भएको भए, आन्दोलनकारीहरू राजनीतिक सुझबुझ या राजनीतिक उद्देश्यका साथ अघि बढेका भए आन्दोलनले अझ गति लिन्थ्यो र परिवर्तनको अनुभूति दिन्थ्यो । त्यस्तो आन्दोलनले देशका सबै भ्रष्टाचारी, कालाबजारी, कमिसनखोर, हत्या हिंसाका अपराधी, देशको सम्पत्तिमा दाइँ गर्ने, सार्वजनिक जग्गा हडप्ने, पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाउने, पाटी-सत्तल, पोखरी आफ्नो हातमा पार्ने सबैजसो दोषीहरू पक्राउमा पर्थे; जेलमा कोचिन्थे । कलकारखाना र उद्योगधन्दा डुबाउनेहरू, असमान सन्धि सम्झौता गरेर देश र जनतालाई दूरगामी असर पुऱ्याउनेहरू सबै खोरमा हुन्थे । त्यो सरकारले बहुमत जनताको हितमा ऐन, कानुन बनाउँथ्यो; ऐन-कानुन, संशोधन गरेर क्रान्तिकारी भूमिसुधार लागू गर्थ्यो । शिक्षा र स्वास्थ्य सेवा निःशुल्क हुन्थ्यो । सारमा, जनताले सुनिश्चित जीवन बिताउन पाउने आधार पाउँथे । तर, यस्तो कुनै आधार तयार भएन । यो आन्दोलनका अगुवाहरूको कमजोरी हो ।

त्यसबेला जनताको भावनाविपरीत काम गर्दा, देश र जनतामाथि विश्वासघात गर्दा, दलको सिद्धान्त, विचार र घोषणापत्रअनुसार काम नगर्दा जनतामा असन्तोष छाएको थियो । यस्तै असन्तोषबाट रास्वपाले लाभ पाएको हो - सरकार गठन गर्न । समुन्नत नेपाल, शोषणरहित समाज, बहुमत जनताको पक्षमा प्रतिनिधित्व गर्ने सरकार नेपाली जनताको चाहना हो । यस्तो खालको सरकार अहिले बनेको छैन । रास्वपाको नेतृत्वमा बनेको सरकारको यो उद्देश्य पनि होइन । रास्वपाले साँच्चै श्रमजीवीवर्गको प्रतिनिधित्व गरेको छैन; उनीहरूको हितमा काम गर्दैन; ऐन कानुन बनाउँदैन । यो सरकारको कार्यशैली अधिनायकवादी भयो भनी जनतामा असन्तोष फैलिएको छ । विभिन्न जिल्लाका सुकुमवासी र अव्यवस्थित बसोबास गर्नेहरूको विरोध प्रदर्शन यो सरकारप्रतिको असन्तोषको परिणति हो ।

व्यापक जनताको सुखको निम्ति पुँजीवादी व्यवस्था नै फाल्नुपर्छ । पुँजीवादी संविधान नै फेर्नुपर्छ । व्यवस्था पुँजीवादी र सरकारका सञ्चालकहरू पुँजीवादी चिन्तनको भएसम्म श्रमजीवी जनताले सुखको सास फेर्न पाउने छैनन् । यो सरकारले गर्ने काम पनि पुँजीवादी बन्दोबस्तअनुसार नै हुन्छ । यो सरकारले ल्याएको अध्यादेश पनि पुँजीवादी व्यवस्थाअनुसार नै रहेको छ । अतः आमूल परिवर्तन गर्न देशमा समाजवादी व्यवस्था नै स्थापना गर्नुपर्छ । यसको लागि जनतालाई सचेत र सङ्गठित गरेर सङ्घर्ष गर्नुपर्ने हुन्छ ।

# संरा अमेरिकामा मजदुर आन्दोलन - २

**✍ का. रोहित**


१ मे १८८६ को दिन संरा अमेरिकामा मजदुरवर्गले देशव्यापी हडताल गर्ने तयारी गर्दै थियो । त्यसबेला पुँजीपतिवर्गले मजदुरहरूलाई १४-१५ र १८ घण्टासम्म काम गराउँथ्यो । यसकारण, मजदुरहरूको मुख्य माग थियो ज्याला बढाउने र ८ घण्टाको कामको दिन । १ मेको दिन देशभर सबै कलकारखाना र यातायात बन्द गर्ने तयारी थियो । तर, पुँजीपतिवर्ग र तिनीहरूको भतुवा प्रेस र खबरकागतहरूले त्यस देशव्यापी हडताललाई 'कम्युनिस्ट विद्रोह' भनेर होहल्ला मच्चाए; हडतालीहरूमाथि बम हान्नुपर्छ र दबाउनुपर्छ भनेर तर्साउने र भड्काउने कामहरू गरे । हडतालमा भाग लिने मजदुरहरू र मजदुर नेताहरूलाई उनीहरूले हत्या गर्ने धम्कीसमेत दिए । तर, अमेरिकी मजदुरहरू धम्की र भड्काउने कुराको अगाडि झुक्न मानेनन् र १ मेको दिन देशव्यापी हडतालको निर्णयमा अडिरहे ।

संरा अमेरिकाको उत्तरमा शिकागो भन्ने एउटा सहर छ । त्यो सहर इरी दहको नजिकै या किनारामा छ । त्यहाँ मासु र खेतीका मालसामान उत्पादन गर्ने उद्योगहरू धेरै थिए । स्थानीय कलकारखानाका मालिक पुँजीपति र तिनीहरूकै पैसामा पालिएका प्रतिक्रियावादी अखबारहरू एक भए । हुन त पुँजीवादी देशका ठुलठुला अखबारहरू धेरैजसो पुँजीपतिवर्गकै हुन्छन् । पुँजीवादी विचारधारा प्रचार गर्न, आफ्नो सामानको विज्ञापन दिन, लोकमत आफ्नो पक्षमा लिन र नाफा खान अखबार चलाउन दिएको हुन्छ । ती पुँजीपतिवर्ग र प्रतिक्रियावादी अखबारहरू मिलेर हडताललाई निर्दयतापूर्वक दबाउने निधो गरे र सोअनुसार तयारी गरे । बाहिरबाट थुप्रै सिपाही, पुलिस, डाँकु, गुण्डा र जासुसहरू ल्याएर शिकागो सहर भरिदिए । पुँजीवादी अखबारहरूले लेख्न थाले, "सडकको हरेक बत्तीको खम्बालाई एक कम्युनिस्टको लासले सिँगार्नुपर्छ ।' प्रतिक्रियावादी अखबारहरूले माग गरे, 'हुलदङ्गालाई गोली र तिनीहरूका नेतालाई डोरी ।" शिकागोका मजदुरवर्ग पुँजीपतिवर्गको त्यो धम्कीबाट पछि हट्ने कुरै थिएन । आफूलाई पशुसरह व्यवहार गर्ने शोषण र अन्याय अत्याचार गर्ने वर्गशत्रुलाई मजदुरहरू सार्है घृणा गर्थे । वर्गशत्रुको विरोधमा लड्न तिनीहरूको रगत उम्लिरहेको थियो ।

पहिलो मे १८८६ को दिन थियो । देशभर हडताल सुरु भयो । ८ घण्टाको कामको दिन सारा मजदुरवर्गको माग थियो । हजारौं हजार मजदुरहरू हडतालमा भाग लिँदै थिए । शिकागो सहरका मजदुरवर्ग वर्गसङ्घर्षको मोहडामा थियो । ४० हजार मजदुरहरूले हडतालमा भाग लिए । शिकागोको वातावरण डरलाग्दो थियो । मजदुरवर्गमा क्रान्तिकारी जोश भरिएको थियो । पुँजीपतिवर्ग र त्यसका सिपाहीँ, पुलिस, डाँकु, गुण्डा र जासुस पिछलग्गूहरू हिंस्रक पशुहरूजस्तै निहुँ खोज्दै थिए । हडताल दोस्रो दिन पनि चल्यो । हडताली मजदुरहरूको सङ्ख्या बढ्दै गयो । एक दुई दिनभित्रै हडताली मजदुरहरूको सङ्ख्या ८० हजार पुग्यो । पहिलो र दोस्रो मेको हडताल शान्तिपूर्ण ढङ्गले टुङ्गियो ।

३ मेको दिन पूर्ण हडताल चालु रह्यो । हरेक मजदुरको मुखमा '८ घण्टाको कामको दिन' थियो । पुलिसले निःशस्त्र हडताली मजदुरहरूमाथि गोली चलायो । यो पुँजीपतिवर्गको पहिलेदेखिको कालो योजना थियो । पुलिसको गोलीले पाँच जना मजदुरहरू मारिए र ५० जवान मजदुरहरू गम्भीररूपले घाइते भए । त्यस घटनाले शिकागोको स्थिति झन् चर्किन गयो । मजदुरवर्गमा वर्गशत्रुको विरोधमा बदलाको भावना जाग्नु स्वाभाविक थियो ।

४ मेको दिन मजदुरहरूले गोलीकाण्डको विरोधमा एक विरोधसभा आयोजना गरे । विरोधसभा एउटा ठुलो जनसभा थियो । सभामा पुलिसको एक ठुलो दलले पहरा दिइरहेको थियो । त्यसैबेला पुलिसकै भड्काउने दलालले पुलिस दलमाथि एक बम




फ्याँकिदियो । त्यस बमले ७ जवान पुलिसहरू मारिए । प्रतिक्रियावादीवर्ग निहुँ खोज्दै थियो । निहुँ पाइहाल्यो । निहुँ पाउनासाथै पुलिसले मजदुर र जनताका सभामाथि दनादन गोली हान्न थाल्यो । त्यस गोलीकाण्डमा धेरै मजदुरहरू मारिए र अनगिन्ती मानिसहरू घाइते भए । प्रशासकहरूले हडताल र मजदुर आन्दोलनका नेताहरूलाई पक्राउ गरे । पुलिसमाथि बम फ्याँक्ने पुँजीपतिवर्गकै दलाल थियो । त्यो पुँजीपतिवर्ग र सरकारले नै गर्न दिएका थिए । त्यो मजदुर आन्दोलन दबाउने एक निहुँ थापेको मात्र थियो ।

सरकारले त्यस बम काण्डको आरोप मजदुर नेताहरूलाई दियो र तिनीहरूको विरोधमा मुद्दा चलायो । त्यो सरकारको आफ्नो अपराध लुकाउने एक छलमात्रै थियो । सरजमिन भयो । जासुस र भड्काउने काम गर्न पालेका भतुवाहरू सरजमिनमा सरकारी साक्षी थिए । ती साक्षी सबै पैसाको भरमा झुटा बयान दिन्थे । त्यो त सरकारले आफ्नो पक्ष बलियो पार्न र मजदुर आन्दोलन दबाउन अदालती अङ्ग मात्रै पूरा गरेको थियो ।

मजदुर नेताहरू अदालतमा उभ्याइए । आफ्नो बयानमा एक अभियुक्त मजदुर नेताले भने, 'तिमीहरू मलाई फाँसी दिएर दुःखकष्टमा बाँचिरहेका लाखौँ-करोडौं थिचिएका कामदार जनताको आन्दोलनलाई रोक्न सकिन्छ भनेर सोच्छौ र यही तिमीहरूको धारणा छ भने हामीलाई झुन्ड्याऊ तर तिमीहरूले थाहा पाउनुपर्छ कि तिमीहरूले एक टुक्रो फिलिङ्गोलाई मात्र कुल्चेंदै छौ, जसको ज्वाला तिम्रो पछाडि जहाँतहाँ दनदन दन्किरहेछ । त्यो ज्वाला जनताको बिचबाट दन्किरहेको छ र त्यसलाई निभाउने तिमीहरूको तागत छैन ।....'

पुँजीवादी न्यायालयले हडताली मजदुर नेताहरूमध्ये ४ जवानलाई फाँसी दिने फैसला गऱ्यो । वास्तवमा त्यो फैसलाले न्यायको हाँसो उडाएको थियो । न्यायको सबभन्दा तल्लो सिद्धान्तकै हत्या थियो । जनताको शत्रु पुँजीपतिवर्गले ४ जवान हडताली मजदुर नेताहरूलाई फाँसी दिएरै छोड्यो । तर, न्यायालयमा हडताली मजदुरहरूले ठुलो वीरता देखाए । तिनीहरू पुँजीवादी व्यवस्थाको अगाडि अलिकति पनि झुकेनन् । तिनीहरू पहिलेभन्दा जिउँदो र जोशिला देखिन्थे । तिनीहरूमा पश्चाताप र दुःखको सट्टा वर्गशत्रुप्रति घृणाको भावना भरिएको थियो । तिनीहरूको वीरताले गर्दा सारा देशका प्रगतिशील जनताको सहानुभूति हडताली मजदुरले पाए ।

४ जवान हडताली मजदुर नेताहरूलाई फाँसी दिएको समाचार बिजुलीजस्तै संसारमा फैलियो । संसारका मजदुरहरू रिसले उठे । संसारका मजदुरहरू पुँजीपतिवर्गसँग बदला लिन सङ्घर्षमा अगाडि बढे । १८८९ मा पेरिसमा संसारका मजदुरहरूका प्रतिनिधिहरूको एक बैठकले १ मेलाई अन्तर्राष्ट्रिय मजदुर दिवस मनाउने निधो गऱ्यो । त्यसअनुसार १ मे १८९० मा युरोपका सबैजसो देशहरूमा ८ घण्टा कामको दिन माग लिएर प्रदर्शनहरू भए । लण्डनमा पनि मेको पहिलो आइतबारको दिन मजदुरवर्गको प्रदर्शन भएको थियो । त्यसमा एङ्गेल्सले पनि भाग लिनुभयो । प्रदर्शनलाई देखेर उहाँले भन्नुभयो, "लण्डनमा यो हाम्रो पहिलो विजय हो ।" विभिन्न देशका लाखौं मजदुरहरूको प्रदर्शन देखेर एङ्गेल्स सार्है खुसी हुनुभयो ।

तर, त्यस दमनले अमेरिकी सर्वहाराको सङ्घर्ष रोकिएन, न त यो आन्दोलन र बलिदान नै खेर गयो । फाँसी दिएको ७ वर्षपछि सरकार होसमा आयो र अनुभव गऱ्यो त्यो फैसलामा 'न्यायको हत्या' भएको छ तर समय चुकिसकेको थियो । निर्दोष मानिसहरू झुन्ड्याई सकिएको थियो । निर्दोष मानिसहरूले सजाय पाए । अपराधीहरूले इनाम पाए । पुँजीवादी व्यवस्थाको मुख्य विशेषता नै त्यही थियो ।

तर, सङ्घर्ष र बलिदान खेर गएन । एङ्गेल्सले त्यसलाई अमेरिकी मजदुरवर्गको विकासको वास्तविक थालनी भन्नुभयो । उहाँले अमेरिकी समाजवादीहरूले व्यापक मजदुरवर्गको सङ्घर्ष र इच्छामा ध्यान दिनुपर्छ र तिनीहरूको एक स्वतन्त्र राजनैतिक पार्टी हुनुपर्दछ भनेर बताउनुभयो । त्यस सङ्घर्षले ८ घण्टाको कामको दिन निश्चित भयो । मजदुरवर्गको त्यो ठुलो विजय थियो । ५० हजार मजदुरहरूले ८ घण्टाको कामको दिनको अधिकार पाए । अरू बाँकी मजदुरहरूको पनि कामको घण्टा छोटिँदै गयो ।

त्यसबेलादेखि १ मेलाई अन्तर्राष्ट्रिय मजदुर दिवसको रूपमा मनाइन्छ । त्यसदिन संसारका हरेक देश र सहरका मजदुरहरू त्यस दिवसलाई हडताल, सभा, जुलुस र सङ्घर्ष गरेर मनाउँछन् ।


**संरा अमेरिकामा मजदुर आन्दोलनका बाधाहरू**

८ घण्टा कामको दिन, बढी ज्याला र अरू सुविधाहरू मजदुरहरूले पाउँदै गएका छन् । तर, संरा अमेरिकामा मजदुर आन्दोलनले चर्को रूप लिन सकेन र मजदुर क्रान्तिबाट समाजवादको स्थापना हुन सकेन । किन ? यसबारे अध्ययन गर्नु खाँचो छ ।

संरा अमेरिकाको पुँजीको विकासमा आफ्नै विशेषता थियो । ती विशेषताहरूले मजदुर आन्दोलनमा असर पार्नु स्वाभाविक थियो । मार्क्स र एङ्गेल्सले त्यहाँको 'बन्जर जग्गा अथवा आवाद नगरिएका जग्गा नै मजदुर आन्दोलनको मुख्य बाधा' देख्नुभएको थियो । बेलायतमा मजदुर आन्दोलन दबाउँदा पुँजीपतिवर्गले मजदुरहरूलाई नयाँ-नयाँ उपनिवेशहरूमा पठाइन्थ्यो । उपनिवेशका जनताको शोषणबाट आएको केही रकमले बेलायतका मजदुरहरूको ज्याला बढाइदिन्थ्यो र माथिल्ला मजदुरलाई बढी ज्याला दिएर निस्क्रिय पार्थ्यो । युरोपमा जग्गाको कमी थियो । तर, अमेरिकाको पश्चिमी भागमा मनग्य नजोतिएको जग्गा बाँकी नै थियो । त्यसकारण, १८९० तिर धेरै अमेरिकी सहरहरूको बढी जनसङ्ख्यालाई अमेरिकाको पश्चिमी भागतिर जग्गा आवाद गर्न पठाइयो । १९ औं शताब्दीमा अमेरिकी मजदुरहरू पश्चिमतिर जान लागे र जग्गा पाएर तिनीहरू किसान बने । त्यसकारण, बीसौं शताब्दीमा मात्रै संरा अमेरिकामा एक स्थायी मजदुर आन्दोलन सुरु भयो । तर, पनि मजदुर आन्दोलन बलियो हुन सकेन, किनभने मजदुरहरू पश्चिमतिर जग्गा लिन जाँदा कहिलेकाहीँ पूर्वतिर श्रमशक्तिको कमी हुन्थ्यो । श्रमशक्तिको कमीले ज्यालाको भाउ बढ्थ्यो । तर, पुँजीपतिवर्गले श्रमशक्तिको कमीलाई मेसिनले पूरा गरेर माथिल्ला मजदुरहरूको ज्यालालाई बढाइदियो । कहिलेकाहीं त्यो ज्याला युरोपका मजदुरहरूको भन्दा बढी हुन्थ्यो ।

मजदुर आन्दोलनको अर्को बाधा संरा अमेरिकी मजदुरवर्ग बहुजातीय हुनु हो । त्यहाँ पुस्तौंदेखि युरोपका विभिन्न देशका गोरा मजदुरहरूले बसोबास गरेका

बाँकी पृष्ठ ७ मा



# यस्ता हुनुहुन्थ्यो - कार्ल मार्क्स

पौल लाफार्ज

२.

विद्वान् मार्क्सको हृदयलाई माया गर्न र त्यसलाई चिन्नका लागि उहाँलाई किताब र नोटबुक बन्द गरेपछि हेर्नुपर्थ्यो; परिवारका बिचमा हेर्नुपर्थ्यो अथवा उहाँका साथीहरूको जमातबिच आइतबार साँझ हेर्नुपर्थ्यो । तब उहाँको सङ्गत उधुम रमाइलो हुन्छ भन्ने थाहा हुन्थ्यो । वाक्पटुता र ठट्टा, मनको भित्री कुनाबाट छुट्ने हाँसोको फोहोरा गजब हुन्थ्यो । कसैले चतुर भएर केही भन्यो वा उचित जवाफ फर्कायो भने उहाँको बाक्लो आँखीभौँका डिलमुनि काला आँखा द्वेषले टल्किन्थे । कहिले उहाँका आँखा आनन्दले चम्किन्थे ।

उहाँ मायालु, कोमल र उदार पिता हुनुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो, "बालबच्चाले आफ्ना आमाबुबालाई शिक्षित गर्नुपर्छ ।" छोरीहरूमाथि उहाँले कहिल्यै हैकम जमाउनुभएन । उहाँ हुकुमी अभिभावक हुनुहुन्थेन । छोरीहरू उहाँलाई औधि माया गर्थे । उनीहरूलाई उहाँले कहिल्यै आदेश दिनुभएन । बरु, आफूले अऱ्हाएको काम गरेर आफूमाथि दया गर्न भन्नुहुन्थ्यो । अथवा, आफूले मनाही गर्न चाहेको काम उनीहरूले गर्नुहुँदैन भनी महसुस गराउनुहुन्थ्यो । कुनै पनि पिताले उहाँका जस्ता विनम्र सन्तान पाउनेछैन । छोरीहरूले उहाँलाई साथी मान्थे र साथीलाई झैँ व्यवहार गर्थे । उनीहरू उहाँलाई 'बुबा' नभनी 'मूर' भन्थे । मार्क्सको सक्कल गहुँगोरो थियो भने बाल र दाह्री तिख्खर कालो थियो । त्यही भएर उनीहरूले उहाँलाई त्यो उपमा दिएका थिए । अर्कोतिर, सन् १८४८ अघि कम्युनिस्ट लीगका सदस्यहरू उहाँलाई 'मार्क्स बा' भन्थे । जब कि त्यसबेला उहाँ ३० वर्ष पनि पुग्नुभएको थिएन ।

बालबच्चासँग खेल्दै मार्क्सले घण्टौँ बिताउने गर्नुहुन्थ्यो । ठुलो भाँडामा पानी हालेर त्यसमा समुद्री लडाइँ लडेको छोरीहरूलाई अझै सम्झना छ । बुबाले पानीमा आफ्ना लागि बनाएका कागतका पानीजहाज जलाउँदा उनीहरू असाध्यै खुसी हुन्थे ।

आइतबारका दिन उनीहरूले बुबालाई काम गर्न दिन्नथे । उहाँको पूरै दिन उनीहरूको हुन्थ्यो । मौसम साफ भए पूरै परिवार गाउँतिर घुमघाम गर्न जान्थ्यो । बाटोमा कुनै सस्तो होटलमा पसेर उहाँहरूले सामान्य रोटी, पनिर र जिन्जर बियर खानुहुन्थ्यो । छोरीहरू साना छँदा आफैले गढेका अनगिन्ती परीकथा सनाएर मार्क्सले लामो यात्रालाई छोट्याउनुहुन्थ्यो । उहाँले हिँड्दाहिँड्दै कथा बनाउनुहुन्थ्यो र बाटोको लम्बाइअनुसार त्यसमा तनाव बढाउँदै कथालाई झन्झन् जटिल बनाउनुहुन्थ्यो । कथा सुन्ने मेसोमा लालाबालाहरूले आफ्नो थकान बिर्सिन्थे ।

मार्क्सको कल्पनाशक्ति असाध्यै उर्वर थियो । सुरुसुरुमा उहाँले कविता लेख्नुभएको थियो । उहाँकी जहान जेनीले पतिले जवानीमा लेखेका कविताहरू अत्यन्त जतन गरेर राख्नुभएको थियो । ती कविता उहाँले कसैलाई देखाउनुहुन्थेन । उहाँका आमाबुबाले उहाँ एक साहित्यकार वा प्रोफेसर बनेको हेर्न चाहनुहुन्थ्यो; समाजवादी आन्दोलन वा राजनीतिक अर्थशास्त्रमा होमिएर मार्क्सले आफ्नो स्तर खस्काउनुभएको ठान्नुहुन्थ्यो । ऊ बेला जर्मनीमा राजनीतिक अर्थशास्त्रलाई उति रुचाइन्नथ्यो ।

मार्क्सले आफ्ना छोरीहरूसँग ( रोमन जननायक) ग्राकाइको विषयमा नाटक लेखिदिने वचन दिनुभएको थियो । दुर्भाग्य, उहाँले आफ्नो वचन राख्न सक्नुभएन । 'वर्गसङ्घर्षका योद्धा' भनिने मार्क्सले प्राचीन संसारमा भएको त्यो भयावह र प्रभावशाली वर्गसङ्घर्षलाई कसरी देखाउनुहुन्थ्यो होला भनी जान्न गजब नै हुने थियो । मार्क्सले धेरै योजना बनाउनुभएको थियो । ती योजना पूरा हुन पाएनन् । उहाँ तर्कशास्त्रबारे पुस्तक लेख्न चाहनुहुन्थ्यो, दर्शनको इतिहास लेख्न चाहनुहुन्थ्यो । सानै उमेरदेखि दर्शनको इतिहास उहाँको मनपर्ने विषय थियो । आफ्ना सबै साहित्यिक योजना पूरा गर्न र विश्वलाई आफ्नो दिमागी खजानाको एक अंश पस्किनका लागि उहाँ कम्तीमा सय वर्ष बाँच्नुपर्ने थियो ।

मार्क्सकी जहान जेनी जीवनभर उहाँकी सच्चा साथी रहनुभयो । उहाँहरूले सानै उमेरमा एकअर्कालाई चिन्नुभएको थियो र सँगै हुर्किनुभएको थियो । मगनी हुँदा मार्क्स जम्मा १७ वर्षको हुनुहुन्थ्यो । विवाह हुनुभन्दा अगाडि उहाँहरूले ७ वर्ष पर्खिनुपऱ्यो । सन् १८४३ मा उहाँहरूको बिहे भयो । त्यसपछि उहाँहरू कहिल्यै अलग्गिनुभएन ।

श्रीमती मार्क्स पतिभन्दा केही वर्षअघि बित्नुभयो । उहाँ जर्मनीको एक खानदानी परिवारमा जन्मिनुभएको थियो । तर, उहाँमा जस्तो समानताको भावना अरूमा पाइन्न । उहाँको मनमा सामाजिक भेद वा उँचनीचको कुनै पर्खाल थिएन । कामदारहरू कामकाजी लुगा लगाएर आफ्नो घरमा खाना खान आउँदा पनि उनीहरूसँग उहाँले राजकुमार वा राजकुमारीसँग जस्तै विनम्रता र शिष्टतासाथ व्यवहार गर्नुभयो । सबैजसो देशका धेरै मजदुरहरूले उहाँको सत्कार पाए । म ढुक्क छु, उनीमध्ये कसैले पनि आफूलाई यति न्यायो र आत्मीय सत्कार गर्ने महिला एक कुलीन परिवारकी छोरी हुनुहुन्छ भनेर सपनामा पनि चिताएका थिएनन् । श्रीमती मार्क्स आमातिरबाट आर्गिलका सामन्तकी वारिस हुनुहुन्थ्यो भने उहाँका दाजु प्रसियाली राजाका मन्त्री हुनुहुन्थ्यो । तर, उहाँलाई यी कुराले छुँदैनथ्यो । आफ्ना कार्लको लागि उहाँले सबथोक त्याग्नुभएको थियो । एकदम कष्टकर घडीमा पनि उहाँले मार्क्सलाई पछ्याएकोमा कहिल्यै पछुतो मान्नुभएन ।

उहाँ स्पष्ट र बुद्धिमान हुनुहुन्थ्यो । साथीसङ्गीलाई उहाँले लेखेका पत्रमा एकखाले सहजता पाइन्छ । तिनमा कत्ति पनि बनावटीपन पाइँदैन । बरु, तिनमा उहाँको मौलिक र पौरखी स्वभावको गजब झलक पाइन्छ । उहाँको पत्र पाउनु आफैमा एक सम्मान थियो । जोहान फिलिप बेकरले उहाँका कैयन् पत्र प्रकाशित गरेका छन् । हाइने आफैमा निर्मम व्यङ्ग्यकार भए पनि मार्क्सको व्यञ्जनाबाट तर्सिनुहुन्थ्यो । तर, उहाँ श्रीमती मार्क्सको तीक्ष्ण संवेदनशीलताका ठुला प्रशंसक हुनुहुन्थ्यो । मार्क्स परिवार पेरिसमा बस्दा हाइने बरोबर उहाँहरूलाई भेट्न जानुहुन्थ्यो ।

मार्क्स आफ्नी जहानको बुद्धिमत्ता र आलोचना शक्तिलाई अत्यन्त सम्मान गर्नुहुन्थ्यो । त्यसैले आफ्ना सबै पाण्डुलिपिहरू उहाँलाई देखाउनुहुन्थ्यो र उहाँको विचारलाई ठुलो महत्त्व दिनुहुन्थ्यो । यो कुरा सन् १९६६ मा मार्क्सले मसित भन्नुभएको थियो । छापाखानामा पठाउनुभन्दा अगाडि श्रीमती मार्क्सले आफ्ना पतिका



पाण्डुलिपिहरू साफी गर्नुहुन्थ्यो ।

श्रीमती मार्क्सका धेरै सन्तान भए । सन् १८४८ को क्रान्तिपछि परिवारले निकै कष्टकर समय भोग्नुपऱ्यो । उहाँका तीन कलिला सन्तानको मृत्यु भयो । त्यो बेला उहाँहरू लन्डनमा आप्रवासी हुनुहुन्थ्यो । उहाँहरू सोहो स्क्वायरको डिन स्ट्रिटमा दुई साँघुरा कोठामा बस्नुहुन्थ्यो । मैले उहाँका तीन छोरीलाई मात्र चिन्न पाएँ । सन् १८६५ मा मार्क्ससँग परिचय हुँदा उहाँकी कान्छी छोरी इल्यानोर (श्रीमती एभ्लिङ) सानै थिइन् । उनी असाध्यै प्यारी र तेज थिइन् । इल्यानोर जन्मिँदा आफ्नी पत्नीले झुक्किएर छोरा जन्मेको भन्ठानेको मार्क्स सुनाउने गर्नुहुन्थ्यो । अरू दुई छोरीमा एकदम अनौठो र सुमधुर भिन्नता थियो । ठुली जेनी (श्रीमती लङ्गुएट) को सक्कल बुबाको जस्तो थियो - गहुँगोरो र ओजिलो । आँखा काला र केश निक्खर कालो थियो । माइली लारा (श्रीमती लाफार्ज) गोरी थिइन् भने उज्यालो र घुम्रिएको केश गोधुली घामका किरण पक्रेजस्तो सुनौलो थियो । उनी आफ्नी आमाजस्ती थिइन् ।

मार्क्स परिवारकी अर्की महत्त्वपूर्ण सदस्य थिइन् - हेलेन डेमुथ । उनी किसान परिवारकी छोरी थिइन् । उनी श्रीमती मार्क्सको बिहे हुनुभन्दा धेरै अगाडिदेखि उहाँकी सेविका थिइन् । त्यो बेला उनी सानै थिइन् । श्रीमती मार्क्सको बिहेपछि उनी पछिपछि आइन् र आफूलाई बिर्सेर मार्क्स परिवारको सेवामा समर्पित भइन् । मार्क्स दम्पती निर्वासनका कारण युरोपका विभिन्न देशमा भौतारिँदा उनी सँगै थिइन् । उनी घरकी बुद्धिमान सदस्य थिइन् । जति कठिन परिस्थितिमा पनि उनले उम्किने उपाय खोजिहाल्थिन् । उनको जोरजाम र फारोतिनो गर्ने सीपकै कारण मार्क्स परिवार कहिल्यै अति आवश्यक साधनबाट वञ्चित हुनुपरेन । उनले गर्न नसक्ने केही थिएन । उनी श्रीमती मार्क्ससँगै खाना पकाउँथिन्, बालबच्चालाई लुगा लगाइदिन्थिन्, तिनका लागि लुगा काटेर सिउँथिन् । उनी घरकुरुवा मात्र होइन, घरमुली पनि थिइन् । उनी पूरै घर चलाउँथिन् । बालबच्चाले उनलाई आमालाई जस्तै माया गर्थे । उनीहरूप्रति उनको मनमा ममता थियो । त्यही भएर उनलाई आमाको हक थियो । श्रीमती मार्क्सले उनलाई सहोदर साथी मान्नुहुन्थ्यो भने मार्क्सले उनलाई विशेष साथी बनाउनुभयो । उनीसँग मार्क्स चेस खेल्नुहुन्थ्यो र धेरैपल्ट हार्नुहुन्थ्यो ।

मार्क्स परिवारलाई हेलेनले आँखा चिम्लेर माया गरिन् । उनको नजरमा यो परिवारले गरेपछि जे पनि असल हुन्थ्यो, अर्को हुनै सक्दैनथ्यो । मार्क्सको आलोचना गर्ने जोसुकैसँग उनी भिड्थिन् । मार्क्स परिवारसँग घनिष्ट हुने सबैलाई उनले आमाले जस्तो हेरविचार दिइन् । लाग्थ्यो, उनले मार्क्स परिवारलाई धर्मपरिवार बनाएकी हुन् । उनी मार्क्स र उहाँकी जहानभन्दा बढी बाँचिन् । त्यसपछि उनले एङ्गेल्स परिवारको हेरविचार गरिन् । केटौले उमेरदेखि नै उनले एङ्गेल्सलाई चिनेकी थिइन् । मार्क्स परिवारलाई झैँ उनले एङ्गेल्सलाई पनि अपनाइन् ।

साँच्चै भन्ने हो भने एङ्गेल्स मार्क्स परिवारका सदस्य हुनुहुन्थ्यो । मार्क्सका छोरीहरूले उहाँलाई दोस्रो बुबा भन्थे । उहाँ मार्क्सका विश्वासपात्र (अल्टर इगो) हुनुहुन्थ्यो । लामो समयसम्म जर्मनीमा यी दुई नाम कहिल्यै अलग्गिएनन् । भविष्यमा पनि उहाँहरू कहिल्यै अलग्गिनु हुनेछैन ।

हाम्रो युगमा मार्क्स र एङ्गेल्स प्राचीन कविहरूले चित्रण गरेजस्तो आदर्श मित्रताको प्रतिमूर्ति हुनुहुन्थ्यो । युवाकालदेखि नै उहाँहरू सँगै र समानान्तर ढङ्गले विकसित हुनुभयो; विचार र भावनाको आत्मीय सङ्गतमा बाँच्नुभयो; एउटै क्रान्तिकारी आन्दोलनमा होमिनुभयो । सँगै बस्न मिलेसम्म दुवैले मिलेर काम गर्नुभयो । घटनाक्रमले करिब २० वर्षसम्म नअलग्याएको भए सायद उहाँहरूले जीवनभर सँगसँगै काम गर्नुहुने थियो । सन् १८४८ मा (जर्मन) क्रान्ति पराजयमा टुङ्गियो । त्यसपछि एङ्गेल्स म्यानचेस्टर जानुपऱ्यो भने मार्क्स लन्डनमै बस्न बाध्य हुनुभयो । यति हुँदाहुँदै पनि उहाँहरूले आफ्नो बौद्धिक जीवनलाई सँगसँगै अगाडि बढाउनुभयो । उहाँहरू दैनिकजसो पत्राचार गर्नुहुन्थ्यो; राजनीतिक र वैज्ञानिक घटनाबारे आफ्ना विचार साटासाट गर्नुहुन्थ्यो; आफूले गरिरहेको कामबारे एकअर्कालाई जानकारी गराउनुहुन्थ्यो । कामबाट छुटकारा पाएलगत्तै एङ्गेल्सले म्यानचेस्टरबाट हुत्तिँदै लन्डन जानुभयो र आफ्ना प्रिय मार्क्सबाट १० मिनेटको दूरीमा पर्ने गरी घर बनाउनुभयो । सन् १८७० देखि मार्क्सको मृत्यु (१८८३) नहुँदासम्म उहाँहरूले एकअर्कालाई नभेटेको दिन थिएन । उहाँहरू कहिले मार्क्सकहाँ त कहिले एङ्गेल्सको घरमा भेट्नुहुन्थ्यो ।

एङ्गेल्सले आफू म्यानचेस्टरबाट आउने खबर पठाउँदा मार्क्स परिवारमा जहिल्यै हर्षोल्लास छाउँथ्यो । धेरै अगाडिदेखि नै उहाँ आउने विषयमा चर्चा चल्थ्यो । उहाँ आउने दिन मार्क्स कति अधीर बन्नुहुन्थ्यो भने उहाँले काम गर्नै सक्नुहुन्थेन । भेटेपछि दुवैजनाले सँगै चुरोट र रक्सी पिउनुहुन्थ्यो र पछिल्लो भेटपछि भएका सारा घटनाक्रमबारे कुराकानी गरेर रात बिताउनुहुन्थ्यो ।

मार्क्सले एङ्गेल्सको विचारलाई सबैभन्दा बढी महत्त्व दिनुहुन्थ्यो । किनभने, एङ्गेल्सलाई उहाँ आफ्ना साझेदार बन्न योग्य ठान्नुहुन्थ्यो । उहाँको लागि एङ्गेल्स पूरै पाठक जमात बराबर हुनुहुन्थ्यो । एङ्गेल्सलाई मनाउन वा उहाँको विचार बदल्न आफूले जति मेहनत गर्नुपरे पनि मार्क्सलाई अप्ठेरो लाग्दैनथ्यो । जस्तो, अल्बिजेन्सिजको राजनीतिक र धार्मिक युद्धको विषयमा भएको कुनै मामुली कुरामा एङ्गेल्सको विचार बदल्नका लागि मार्क्सले तथ्य खोज्न पूरै किताब बारम्बार पढ्नुभएको थियो । *(त्यसको विषयवस्तु अहिले मैले बिर्सें ।)* एङ्गेल्सलाई आफ्नो विचारमा ल्याउनु मार्क्सका लागि एउटा विजय थियो ।


मार्क्सलाई एङ्गेल्समा गर्व थियो । मसँग एङ्गेल्सका सारा नैतिक र बौद्धिक गुणहरूको बखान गरेर उहाँले आनन्द लिनुभयो । उहाँसँग परिचय गराउन एकपल्ट उहाँले मलाई म्यानचेस्टरको विशेष भ्रमण गर्नुभयो । उहाँले एङ्गेल्सको चौतर्फी ज्ञानको तारिफ गर्नुहुन्थ्यो । उहाँमाथि झिनो समस्या आइलागेको पनि उहाँ देख्न सक्नुहुन्थेन, त्यसैले पीर मानिरहनुहुन्थ्यो । उहाँले मसित भन्नुभयो, "सिकारमा जाने बेला उहाँ कुनै दुर्घटनामा पर्नुहुन्छ कि भनेर म सधैँ आत्तिन्छु । उहाँ एकदम फुक्काफाल हुनुहुन्छ । लगाम खुकुलो छोडेर मैदानमा घोडा दौडाउनुहुन्छ; अगाडि केकस्तो अवरोध छ, देख्नुहुन्न ।"

मार्क्स मायालु पति र पिताका साथै एक असल साथी पनि हुनुहुन्थ्यो । उहाँले आफ्नी पत्नी, छोरीहरू, हेलेन र एङ्गेल्समा प्रेमिल पात्र भेट्नुभयो ।

३.

मार्क्सले एक उग्र पुँजीवादी नेताको रूपमा जीवन सुरु गर्नुभयो । तर, आफ्नो विचार वा विरोधको स्वर प्रस्ट हुँदै गएपछि पुराना साथीहरूले आफूलाई एक्लै पारेको पाउनुभयो । आफू समाजवादी बनेपछि आफूलाई तिनले शत्रुको व्यवहार गरेको महसुस गर्नुभयो । उहाँलाई फसाउन खोजियो । अन्त्यमा उहाँको बद्ख्वाइँ गरियो; उहाँमाथि हिलो छ्यापियो; अनि उहाँ र उहाँका रचनालाई मौनताले मार्न खोजियो । यति गरेपछि उहाँलाई जर्मनीबाट देश निकाला गरियो । उहाँले 'लुइ बोनापार्टको अठारौँ ब्रुमियर' लेख्नुभयो । त्यो पुस्तकले मार्क्स सन् १८५१ डिसेम्बर २ को सत्ताविद्रोहका कारण र परिणामको वास्तविक प्रकृति बुझ्ने र त्यसको खुलासा गर्ने सन् १८४८ का एक मात्र इतिहासकार र राजनीतिज्ञ हुनुहुन्थ्यो भन्ने पुष्टि गऱ्यो । तर, त्यो पुस्तकलाई पूर्णतः बेवास्ता गरियो । पुस्तक साह्रै सटिक थियो । तैपनि, कुनै पनि पुँजीवादी पत्रिकाले त्यसको चर्चा गरेन ।

बाँकी पृष्ठ ८ मा






गाजापट्टीको मध्यभागमा अवस्थित नुसेरतमा कोस्टल सडकमा आयोजित ६ किलोमिटरको दौड प्रतियोगितामा भाग लिँदै इजरायली हमलामा परी अपाङ्ग भएका प्यालेस्टिनी युवाहरू मे ८, २०२६ का दिन । *तस्बिर : एपी/अब्देल करीम हाना*

# ‘हान्ताभाइरस’ प्रकोपबारे डब्ल्युएचओको चेतावनी, थप केस आउन सक्ने

जेनेभा, २५ वैशाख (एएफपी) । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले हान्ताभाइरस प्रकोप अझ फैलिन सक्ने जोखिम रहेको चेतावनी दिएको छ, यद्यपि समयमै कडा स्वास्थ्य सावधानी अपनाइएमा यो प्रकोप सीमित स्तरमै नियन्त्रण गर्न सकिने अपेक्षा गरिएको छ । हालसम्म यस प्रकोपका कारण तीन जनाको मृत्यु भइसकेको छ भने पाँच वटा पुष्टि भएका र तीन वटा शङ्कास्पद सङ्क्रमणका केसहरू देखिएका छन् । सङ्क्रमित तथा शङ्कास्पद बिरामीहरूलाई बेलायत, जर्मनी, नेदरल्यान्ड्स, स्विट्जरल्याण्ड र दक्षिण अफ्रिकामा उपचार वा आइसोलेसनमा राखिएको छ ।




यो सङ्क्रमण एमभी होन्डियस नामक क्रुज जहाजसँग जोडिएको छ, जसले अर्जेन्टिनाको उसुआइआबाट यात्रा सुरु गरी क्यानरी टापुहरूतर्फ समुद्री यात्रा गरिरहेको थियो । यात्राका क्रममा केही यात्रुहरूमा अचानक गम्भीर लक्षण देखिन थालेपछि स्वास्थ्य अधिकारीहरूले जहाजमा फैलिएको सङ्क्रमणबारे अनुसन्धान सुरु गरेका हुन् । प्रारम्भिक अनुसन्धानअनुसार एक यात्रु अर्जेन्टिनामा जहाज चढ्नुअघि नै सङ्क्रमित भएको हुन सक्ने र पछि जहाजमा अन्य यात्रुहरूमा सङ्क्रमण फैलिएको हुन सक्ने अनुमान गरिएको छ ।

डब्ल्यूएचओका महानिर्देशक टेड्रोस अधानोम घेब्रेयेससका अनुसार हान्ताभाइरसको इन्क्युबेशन अवधि छ हप्तासम्म हुन सक्ने भएकाले आगामी दिन वा हप्ताहरूमा थप सङ्क्रमणका केसहरू देखिन सक्ने सम्भावना रहन्छ । उहाँले यस रोगको विकासक्रमलाई नजिकबाट निगरानी गरिँदैछ र अन्तर्राष्ट्रिय समन्वय आवश्यक रहेको बताउनुभयो ।

डब्ल्यूएचओका आपतकालीन प्रतिक्रिया निर्देशक अब्दी रहमान महमुदले यदि सबै देशहरूले समयमै परीक्षण, सङ्क्रमित व्यक्तिहरूको पहिचान, सम्पर्क ट्रेसिङ र आइसोलेसनजस्ता सार्वजनिक स्वास्थ्य उपायहरू प्रभावकारी रूपमा लागू गरे भने यो प्रकोप ठुलो स्तरमा फैलिन नदिई नियन्त्रण गर्न सकिने बताउनुभयो । उहाँका अनुसार अहिलेको अवस्था ‘सीमित तर सतर्क रहनुपर्ने’ प्रकृतिको छ ।

यसबिच अर्जेन्टिनाका स्वास्थ्य अधिकारीहरूले सङ्क्रमणको स्रोत पत्ता लगाउन उसुआइआ क्षेत्रमा मुसा परीक्षण गर्ने तयारी गरेका छन्, किनकि हान्ताभाइरस सामान्यतया सङ्क्रमित मुसाको सम्पर्कबाट फैलिने गर्छ । जहाजमा यात्रा गरेका सबै यात्रु र चालक दलको विस्तृत सम्पर्क ट्रेसिङ पनि भइरहेको छ ।

जहाज सञ्चालक कम्पनी ओशनवाइड एक्सपेडिसनका अनुसार हाल जहाजमा कुनै पनि लक्षण देखिएका यात्रु छैनन् र जहाज आफ्नो गन्तव्य स्पेनको टेनेरिफतर्फ अघि बढिरहेको छ, जहाँ आइतबार पुग्ने तालिका छ । यात्रुहरूलाई विभिन्न देशमा पठाइएपछि स्थानीय स्वास्थ्य निकायहरूले उनीहरूको स्वास्थ्य निगरानी गरिरहेका छन् ।

डब्ल्यूएचओले यो प्रकोपलाई नियन्त्रणमा राख्न अन्तर्राष्ट्रिय सहयोग, समयमै परीक्षण र कडा आइसोलेसन उपायहरू अत्यन्त आवश्यक छन्, अन्यथा सङ्क्रमण थप देशहरूमा फैलिन सक्ने जोखिम रहने जनाएको छ ।

# विकासको नयाँ परिभाषातर्फ विश्व समुदाय : राष्ट्रसङ्घ

राष्ट्रसङ्घ, २५ वैशाख (सिन्हवा) । संयुक्त राष्ट्रसङ्घले विश्वका देशहरूको विकासलाई अझ समावेशी, सन्तुलित तथा दिगो रूपमा मूल्याङ्कन गर्न नयाँ विश्वव्यापी प्रस्ताव गरेको छ । उक्त प्रस्तावले कुल गार्हस्थ उत्पादनसँगै नागरिकको जीवनस्तर, सामाजिक अवस्था, समानता तथा वातावरणीय संरक्षणलाई पनि विकासका महत्त्वपूर्ण आधारका रूपमा समेट्ने उद्देश्य राखेको छ ।

मानिस र पृथ्वीका लागि प्रगतिको दिशा देखाउने मापन नामक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको स्वतन्त्र उच्चस्तरीय विज्ञ समूहद्वारा सार्वजनिक गरिएको हो । प्रतिवेदनमा आर्थिक वृद्धिसँगै मानव कल्याण, सामाजिक न्याय तथा वातावरणीय दिगोपनलाई समान महत्त्व दिइएको छ ।

महासचिव गुटेरेसले कुल गार्हस्थ उत्पादन आर्थिक प्रगतिको महत्त्वपूर्ण सूचक भए पनि यसले समाजको सम्पूर्ण अवस्था पूर्ण रूपमा प्रतिबिम्बित गर्न नसक्ने उल्लेख गर्नुभएको छ । उहाँले असमानता, गरिबी, स्वास्थ्य, शिक्षा, शान्ति तथा वातावरणीय संरक्षणजस्ता विषयलाई विकास मूल्याङ्कनमा सम्मानपूर्वक समावेश गर्न आवश्यक रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्र महासभाकी अध्यक्ष एनालेना बेयरबोकका अनुसार प्रस्तावित सूचक पटलमा ३१ वटा सूचक समावेश गरिएको छ, जसले आर्थिक, सामाजिक तथा वातावरणीय अवस्थाको विस्तृत र सन्तुलित चित्र प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । साथै, विपद् तथा सङ्कट सामना गर्ने समाजको क्षमतासमेत यसमा समेटिएको छ ।

विज्ञ समूहकी सह-अध्यक्ष नोरा लस्टिगले कुल गार्हस्थ उत्पादनले असमानता, गरिबी तथा वातावरणीय क्षतिजस्ता संवेदनशील पक्षलाई पर्याप्त रूपमा समेट्न नसक्ने धारणा व्यक्त गर्नुभएको छ । अर्का सह-अध्यक्ष कौशिक बसुले विकास भनेको आर्थिक वृद्धि मात्र नभई शिक्षा, स्वास्थ्य, कला, संस्कृति तथा नागरिकको जीवनस्तरमा सकारात्मक सुधार पनि भएको उल्लेख गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका अनुसार लामो समयदेखि कुल गार्हस्थ उत्पादन नीति निर्माणको प्रमुख आधारका रूपमा प्रयोग हुँदै आएको छ । तर केवल यसैमा निर्भर हुँदा अर्थतन्त्र वृद्धि भए पनि वातावरण, सुरक्षा तथा जनजीवनको गुणस्तरमा असर पर्न सक्ने सम्भावना रहने बताइएको छ ।

यो प्रतिवेदनले सरकारहरूलाई समावेशी विकास, दिगोपन तथा जनकल्याणलाई प्राथमिकता दिँदै प्रभावकारी नीति निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । साथै, विकासलाई केवल आर्थिक उपलब्धिमा सीमित नराखी मानव जीवनको गुणस्तर र प्रकृतिको संरक्षणसँग जोडेर हेर्नुपर्ने आवश्यकता पनि प्रतिवेदनले औँल्याएको छ ।

## विश्व सङ्क्षेप

# अमेरिका–क्युवा सम्बन्धमा नयाँ मोडः सैन्य कारबाही टरेको सङ्केत

वासिङ्टन, २५ वैशाख (एपी) । संयुक्त राज्य अमेरिका हाल क्युबामाथि तत्काल कुनै सैन्य कारबाही गर्ने तयारीमा नरहेको अमेरिकी अधिकारीहरूले बताएका छन् । यद्यपि राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युबालाई लक्षित गर्दै बारम्बार कडा चेतावनी दिइरहेका छन् ।

अमेरिकी अधिकारीहरूका अनुसार, क्युवा सरकारसँग प्रारम्भिक चरणको कूटनीतिक छलफल जारी छ । तर तत्काल सैन्य विकल्प सक्रिय रूपमा अघि बढाइएको छैन । राष्ट्रपति ट्रम्पले हालै ‘क्युबा अर्को लक्ष्य हुन सक्छ’ भन्ने टिप्पणी गर्दै, मध्यपूर्वमा तैनाथ अमेरिकी नौसैनिक जहाजहरू आवश्यक परे क्युबाबाट फर्किन सक्ने सङ्केत पनि दिनुभएको थियो ।

यसैबिच, अमेरिकी पक्षले क्युबा सरकारलाई मानवीय सहायतास्वरूप लाखौँ डलरको सहयोग, सबै नागरिकका लागि दुई वर्षसम्म निःशुल्क इन्टरनेट सेवा (स्टारलिङ्क), कृषि सहयोग तथा पूर्वाधार विकास सहायताजस्ता प्रस्तावहरू दिएको बताइएको छ । तर यी प्रस्तावहरू कडा सर्तहरूसहित भएकाले क्युबा सरकारले स्वीकार गर्ने सम्भावना कमजोर रहेको अधिकारीहरूको आकलन छ । अमेरिकी अधिकारीहरूले क्युबाले अहिलेसम्म प्रस्तावलाई पूर्ण रूपमा अस्वीकार नगरेको तर धेरै सर्तहरूप्रति लामो समयदेखि असहमति जनाउँदै आएको बताएका छन् ।

यसैबिच, अमेरिकी ट्रेजरी र विदेश मन्त्रालयले क्युबामाथि नयाँ प्रतिबन्ध घोषणा गरेका छन् । विशेषगरी क्युबाली सेनाद्वारा सञ्चालित एक ठुलो व्यापारिक समूहमाथि कडा आर्थिक प्रतिबन्ध लगाइएको छ । अमेरिकी अधिकारीहरूले कूटनीतिक ढोका अझै खुला रहेको बताए पनि राष्ट्रपति ट्रम्पले आफ्नो निर्णय परिवर्तन गर्न सक्ने र सैन्य विकल्पहरू पूर्ण रूपमा नहटाइएको स्पष्ट गरेका छन् । यस घटनाक्रमले अमेरिका–क्युबा सम्बन्ध पुनः तनावपूर्ण बन्न सक्ने सङ्केत देखिएको छ भने अन्तर्राष्ट्रिय समुदायले परिस्थितिलाई नजिकबाट नियालिरहेको छ ।

# लेबनानमा दस लाखभन्दा बढी विस्थापित : राष्ट्रसङ्घ

न्युयोर्क, २५ वैशाख (क्युएनए) । संयुक्त राष्ट्रसङ्घका महासचिवका लागि प्रवक्ता स्टेफन डुजारिकले लेबनानमा दश लाखभन्दा बढी मानिसहरू विस्थापित रहेको जनाउनुभएको छ । एक लाख २६ हजार मानिसहरूलाई देश भरका ६०० भन्दा बढी सामूहिक आश्रयमा राखिएको उल्लेख गर्दै उहाँले अधिकांश विस्थापितहरू अझै आश्रय बाहिर नै रहेको बताउनुभएको छ ।

पत्रकारहरूसँगको दैनिक साक्षात्कारको क्रममा उहाँले मार्च -२ देखि संयुक्त राष्ट्र सङ्घले ११० वटा मानवीय समूह र मिसनहरूको सेवा प्रवाहलाई सहज बनाएको जनाउनुभएको छ । यद्यपि, सहायता वितरण अपरेसनहरूले विभिन्न अवरोध, असुरक्षा, आवागमन प्रतिबन्ध, नागरिक पूर्वाधारमा क्षति लगायतका समस्याको सामना गर्न बाध्य रहेको जनाइएको छ ।

लेबनानमा संयुक्त राष्ट्रको अन्तरिम बलका शान्तिरक्षकहरूले शङ्कास्पद गतिविधिहरू अपरेसनहरूलगायत यस क्षेत्रभरि इजरायली सेनाहरूद्वारा सञ्चालित सैन्य गतिविधिहरूको निगरानी जारी राखेको जनाइएको छ ।

जारी हिंसाबाट शान्तिरक्षक र संयुक्त राष्ट्रसङ्घीय सुरक्षास्थलहरू प्रत्यक्ष रूपमा प्रभावित भइरहेको उहाँले चेतावनी दिनुभएको छ । इजरायली सैन्य गतिविधिको कारण शुक्रबार एल बियाडाको युनिफिल क्षेत्रका तीन वटा भवनहरूमा संरचनात्मक क्षति पुगेको तथा नजिकैका क्षेत्रहरूमा आगलागी समेतभएको जनाइएको छ । डुजारिकले बुधबार बेरुतको दक्षिणी उपनगरमा भएको इजरायली आक्रमणमा बालबालिकासहित नागरिकहरूको मृत्यु भएका रिपोर्टहरू उल्लेख गर्दै गहिरो चिन्ता व्यक्त गर्नुभएको छ । अप्रिलमा घोषणा गरिएको युद्धविरामपछि पनि लेबनानको राजधानीलाई लक्षित गरी भएको यो पहिलो आक्रमण भएको उहाँले उल्लेख गर्नुभएको छ ।

# इन्डोनेसियामा ज्वालामुखी विस्फोट २० जना पर्वतारोही बेपत्ता : अधिकारी

जकार्ता, २५ वैशाख (एएफपी) । इन्डोनेसियाको पूर्वी हलमहेरा टापुको “माउन्ट डुकोनो” ज्वालामुखी विस्फोट हुँदा २० जना पर्वतारोही बेपत्ता भएको उद्धार अधिकारीलाई उद्धृत गर्दै एएफपीले जनाएको छ । अधिकारीका अनुसार बेपत्ता हुनेहरूमा नौ जना सिङ्गापुरका नागरिक रहेका छन् भने विस्फोट हुँदा करिब १० किलोमिटर वरपरको क्षेत्रको हावामा धुवाँ धुलो फैलिएको छ ।

उद्धार टोली उद्धारका लागि तैनाथ रहेको उल्लेख गर्दै अधिकारीले घाइते व्यक्तिहरूबारे अझै पुष्टि नभएको बताएका छन् । रिपोर्टका आधारमा बेपत्ता भएका २० जनाको खोजी भइरहेको स्थानीय उद्धार अधिकारी इवान रामदानीले पुष्टि गर्नुभएको छ ।

वैज्ञानिकहरूले पछिल्लो समयमा इन्डोनेसियामा ज्वालामुखीका गतिविधि वृद्धि भएको चेतावनी दिएपछि अप्रिल -१७ देखि यो क्षेत्र आगन्तुकहरूका लागि बन्द गरिएको भए तापनि बेपत्ताहरू सबै पर्वतारोहीहरू रहेको उहाँले उल्लेख गर्नुभएको छ । इन्डोनेसियाको भू-विज्ञान विधागका प्रमुख लाना सारियाले विस्फोटले उत्तरी मालुकु प्रान्तको माउन्ट डुकोनोको शिखरबाट करिब १० किलोमिटर टाढाको क्षेत्रसम्म प्रभाव गरेको पुष्टि गर्नुभएको छ ।

विस्फोटको खरानी उत्तरतर्फ धेरै फैलिएको उल्लेख गर्दै यसतर्फका आवासीय क्षेत्रमा सतर्कता अपनाउनु आवश्यक भएको उहाँले विज्ञप्तिमा उल्लेख गर्नुभएको छ । इन्डोनेसिया एक विशाल द्वीपसमूहहरूको राष्ट्र र यसको भौगोलिक स्थितिको कारण बारम्बार भूकम्पीय तथा ज्वालामुखी गतिविधिको सामना गर्ने गरेको जनाइएको छ । माउन्ट डुकोनो हाल इन्डोनेसियाको चेतावनी प्रणालीको तेस्रो-उच्च सतर्कता स्तरमा रहेको जनाइएको छ ।

हास्यव्यङ्ग्य

# पशुपतिमा जुत्ता–लीला र भ्रमको मृगतृष्णा

इकुश्रे

पाशुपत क्षेत्रको त्यो अद्वितीय कोलाहल, जहाँ जीवनका दुई विपरीत किनाराहरू एकैसाथ बगिरहेका हुन्छन् । एकातिर शङ्खघण्टको दिव्य नाद र सन्ध्या आरतीको मधुर स्वरले ब्रह्मरन्ध्रलाई स्पर्श गरिरहेको हुन्छ भने अर्कोतिर ब्रह्मनाल र आर्यघाटको त्यो कारूणिक चित्कारले नश्वर शरीरको निस्सारता बोध गराइरहेको हुन्छ । माग्नेहरूको कारूणिक दृश्य, परेवाहरूको भुरभुराहाट र बाँदरहरूको उच्छृङ्खल बिगबिगीका बिचमा मानिसहरू आफ्नै अस्तित्वको खोजीमा ओहोरदोहोर गरिरहेका हुन्छन् ।

२०८३ वैशाख ७ गतेको त्यो अक्षय तृतीयाको पावन बिहानी, जब सूर्यको पहिलो झुल्कोले काठमाडौँ उपत्यकालाई अँगाल्न बाँकी नै थियो, म पनि त्यही आध्यात्मिक ऊर्जाको तृष्णा बोकेर भक्तपुर सिर्जनानगर चोकबाट गाडी चढेँ । मनमा एउटा पवित्र सङ्कल्प थियो - पशुपतिनाथको पाउमा शिर झुकाउने र आत्माको मैलो पखाल्ने, तर नियतिले मेरो शिर होइन, मेरो पाउको सुरक्षाको कठिन परीक्षा लिने अदृश्य योजना बुनिसकेको रहेछ ।

गाडीमा खासै भिड थिएन । त्यसैले बिहानीको स्वच्छ वायु सेवन गर्दै म समयमै गन्तव्यमा पुगेँ । जुत्ता थन्क्याएर, टोकन खल्तीमा हाली, मन्दिरभित्र प्रवेश गर्दा मलाई एक किसिमको अलौकिक शान्तिको आभास भयो । भजन टोलीले जब भक्ति रसको लहरी छेड्यो, मेरा हातहरू स्वत: ताली पड्काउन व्यस्त भए । चन्दनको सुगन्ध र 'शिवताण्डवस्तोत्रम्' को ओजपूर्ण लयमा म यसरी हराएँ कि मलाई आफ्नो भौतिक शरीरको मात्र होइन, मेरा मनमा खेल्ने सानातिना असन्तुष्टि र पश्चात्तापका कुरा पनि हराए । भर्खरै राख्न दिएको मेरो नयाँ 'म्याजिक' जुत्ताको पनि पूर्ण विस्मृति भयो । विस्मृतिका बिचमै फेरि स्मृति पनि भयो, छोराले मातातीर्थ औँसीमा अत्यन्तै स्नेहपूर्वक उपहार दिएको त्यो कलेजी रङको, जुत्ता–चप्पलको वर्णशङ्कर अवतार मेरो खुट्टाको शोभा मात्र थिएन, मेरो इज्जतको कवच पनि थियो । अगाडिबाट जुत्ताको गम्भीरता र पछाडिबाट चप्पलको उदारता बोकेको त्यो स्वदेशी प्रविधि मेरो पाउका लागि नौलो अनुभूति नै थियो । तर, हाय रे कलि काल ! जहाँ देवताको वास हुन्छ भनिन्छ, त्यहीँ मेरो खुट्टाको 'कवच' ले कुन चाहिँ अदृश्य शक्तिको 'वरण' गर्न पुग्यो, मलाई पत्तै भएन ।

मन्दिर दर्शन र परिक्रमापश्चात् जब म बाहिर निस्किएर 'जुत्ताघर' को झ्यालमा पुगेँ, मेरो उत्साह तब एकाएक सेलायो जब मैले पाएको 'जुत्तेझोला' मा केही हलुकापन र केही अनौठो महसुस भयो । टोकन दिएर हातमा परेको वस्तुलाई हेर्दा त एक पटक मेरो होसहवास नै उड्यो - मेरो त्यो 'म्याजिक' जुत्ताको ठाउँमा एउटा कलेजी रङकै, तर नितान्त स्त्रीलिङ्गी चप्पल पो मेरो खुट्टामा अटाउन खोज्दै थियो । त्यो पल मलाई लाग्यो, पशुपतिनाथको यो प्राङ्गणमा जुत्ताहरूको पनि ठुलै 'मायाजाल' चल्दो रहेछ । स्वयंसेवक भाइसँगको मेरो त्यो 'जुत्ता-संवाद' कुनै प्रहसनभन्दा कम थिएन । विचराले झोलाबाट दुई-तीन जोर जुत्ता निकालेर मलाई देखाउन त देखायो तर ती कुनै पनि मेरा थिएनन् । अनि म उसको अनुमति लिएर भित्रै पसी खोज्न थालेँ । निकै प्रयास गर्दा पनि मेरो जुत्ता भेटिएन । फेरि टोकन लहरअनुसार झुन्ड्याएका 'जुत्ते झोलाहरू' यताउति पार्न पनि भएको थिएन । म भने यस्तो दुविधामा परेँ कि एकातिर आफ्नो जुत्ता हराएको तोड थियो भने अर्कोतिर मलाई नै कर्मचारी ठानेर जुत्ता माग्न आउने भक्तजनहरूको लर्कोले मलाई एउटा नयाँ 'पेसा' को अनुभव पनि गराइरहेको थियो ।

वास्तवमा त्यो जुत्ता हराउनु मात्र एउटा भौतिक क्षति थिएन, त्यो त मेरो स्मृति र छोराको प्रेमको अपमानजस्तो लाग्न थाल्यो । आफ्नै देशमा बनेको म्याजिक कम्पनीको त्यो नयाँ कलेजी जुत्ता, जसलाई मैले जम्मा दुई पटक मात्र खुट्टामा सजाउने सौभाग्य पाएको थिएँ, त्यसको वियोगमा मेरो मन कोटेश्वर पुग्दासम्म पनि शान्त हुन सकेन । बाटोमा हिँड्दा खाली खुट्टाको सट्टा स्वयंसेवकले उदारतापूर्वक दिएको उसको आफ्नै नयाँ चप्पल लगाउँदा मलाई लाग्यो - संसारमा त्याग अझै जीवितै छ, तर त्यो त्याग मेरो आफ्नै जुत्ताको बलिदानबाट सुरु भएको थियो । घर पुगेपछि कमलालाई सबै बेलिबिस्तार लगाउँदा उनले मलाई २०६८ सालको त्यो पुरानो 'जुत्ता काण्ड' सम्झाएर मेरो 'हुस्सुपन' को इतिहासलाई पुन: ताजगी गरिदिइन् । यसरी सम्झँदा, पशुपतिमा जुत्ता हराउनु मेरो नियतिको एउटा अध्यायजस्तै बनिसकेको रहेछ ।

हास्य र विस्मयको चरम सीमा तब पुग्यो जब अस्पताल जान तयार भएकी कमलाले जुत्ताको र्‍याकनिर पुगेर एउटा ठुलो चित्कार छोडिन्, "तपाईँले त आज मेरै चप्पल पो लगाएर जानुभएछ कि क्या हो ! यहाँ मेरो चप्पल नै छैन !" उनको यो वाक्यले मेरो मस्तिष्कमा एउटा ठुलो विस्फोट गरायो । म झल्याँस्स भएँ, बिहानको त्यो झिसमिसेमा, भक्ति रसमा लठ्ठिएर मैले र्‍याकबाट जे निकालेर खुट्टामा घुसारेँ, त्यो छोराले मलाई किनिदिएको 'म्याजिक' जुत्ता नभएर स्वयं कमलाकै 'ब्ल्याक हर्स' कम्पनीको चप्पल पो रहेछ ! एउटै रङ र उस्तै कोमलताले गर्दा मेरो खुट्टाले त धोका खायो नै, मेरो विवेकले पनि घुँडा टेकेछ ! पशुपतिमा मेरो जुत्ता कसैले चोरेको होइन रहेछ, मैले त घरकै 'नासो' लगेर त्यहाँको 'जुत्ताघर' मा अलपत्र पारिदिएर आएको रहेछु ।

यो घटनाले एउटा गहन जीवनदर्शन सिकाएको छ - हामी अक्सर संसारलाई दोष दिन्छौँ, बाहिरी परिस्थितिलाई सराप्छौँ र अरूलाई 'चोर' को संज्ञा दिन्छौँ तर वास्तवमा हाम्रो आफ्नै 'हुस्सुपन' नै हाम्रा सबै सास्तीको मूल जड हुँदो रहेछ । पशुपतिनाथको त्यो पवित्र स्थलमा मैले जुन जुत्ताको खोजीमा महाभारत मच्चाएँ, त्यो त घरकै र्‍याकमा मलाई गिज्याइरहेको रहेछ । भक्तिमा यति धेरै अन्धो हुनु पनि ठीक रहेनछ कि आफूले लगाएको वस्तु नै पहिचान गर्न नसकियोस् । आज त्यो 'ब्ल्याक हर्स' चप्पल कुन अज्ञात पाउमा पुलपुलिएर यही उपत्यकामै घुमिरहेको होला, त्यो त केवल उनै पशुपतिनाथलाई नै ज्ञात होला । तर, मेरो लागि भने यो घटना एउटा यस्तो व्यावहारिक पाठ बनेको छ, जसले मलाई हरेक पटक जुत्ता लगाउँदा गोडामा पनि ऐना हेर्न बाध्य बनाउनेछ । भ्रमको मृगतृष्णामा परेर आफ्नै घरको सम्पत्ति गुमाउनु र अर्काको चप्पलमा आश्रित हुनु नै सायद मेरो नियतिको एउटा तीतो तर मीठो यथार्थ रहेछ !

कथा

# बाँच्दा बोझ, मर्दा सम्पत्ति

सत्य सुवाल

गाउँको किनारमा एउटा पुरानो घरमा एउटा बुढो बुबा बस्थेजसको जीवनको एक मात्र लक्ष्य थियो, छोराछोरीलाई दु:ख नहोस् । यही सोचले उनलाई कहिल्यै थाक्न दिएन । बिहानको पहिलो उज्यालोसँगै उनी अर्काको खेतमा पसिनासँग जुध्न पुग्थे र बेलुका अँध्यारोले थाकेका पाइला सम्हाल्दै घर फर्किन्थे । आफ्नो लागि उनले कहिल्यै केही मागेनन् । तर, सन्तानका लागि उनी जस्तोसुकै बाटो हिँड्न तयार भए ।

त्यो क्रममा उनले कहिलेकाहीँ अरूको हक मिचे, कसैलाई धोका दिए, कसैको मन दुखाए । तर, आफूलाई सान्त्वना दिन्थे–"सबै आफ्नै सन्तानका लागि त हो नि ।"

त्यो घरको जग, भित्ताहरू, आँगन–सबैमा उनको पसिना, दु:ख र सम्झना मिसिएको थियो । वर्षौंको सङ्घर्षपछि जग्गा बढ्यो, घर ठुलो भयो, लालपुर्जा थुप्रिए । उनी गर्व गर्थे–"अब मेरा छोराहरू मात्र होइन, सात पुस्तासम्म दु:ख पाउँदैन ।"

तर, समयले आफ्नो हिसाब आफैँ राखिरहेको थियो । उमेरले शरीर झुकायो, रोगले ओछ्यानमा थिच्यो । बुबा बिरामी परे । डाक्टरले आराम गर्न भन्यो, औषधि नियमित खान भन्यो । तर बुबाको बानी फेरिएन । "अझै केही जोड्न बाँकी छ..."

यो सोचले उनलाई ओछ्यानबाट पनि कामतिर तान्थ्यो । तर छोराहरूको नजरमा, यो सङ्घर्ष होइन, समस्या थियो । बुबालाई औषधि खान भन्यो, मान्दैन । आराम गर भने पनि जिद्दी गर्छ । नजाऊ भने पनि जान्छ, आफैँ दु:ख निम्त्याउँछ ।

कहिले कसैले सीधै भनिदिन्थ्यो, "कस्तो अटेरी !" "कस्तो जिद्दी !" "लोभी नै रहेछ, अझै पनि कमाउनै पर्ने ?" "भनेको पटकै मान्दैन !" "दिमाग नै छैन कि क्या हो ?"

हेरचाह गर्न नसक्नुको सबैभन्दा सजिलो उपाय भेटिएको थियो–बुबालाई नै नराम्रो साबित गरिदिने । सेवा गर्नुपर्ने बेला बुबाको बानी गनिन्थ्यो, तर सम्पत्ति बाँड्ने बेला त्यही बुबाको जिन्दगीको पसिना गनिन्थ्यो । बाँच्दा बुबा अटेरी र जिद्दी देखिन्थे,मरेपछि त्यही बुबा 'मेहनती र दूरदर्शी' बन्ने तयारीमा थिए ।

बुबा चुपचाप ओछ्यानमा पल्टिन्थे । उनी बोल्दैनथे, तर सबै बुझ्थे । कहिलेकाहीँ उनी टोलाउँथे, अतीत सम्झेर । कुनै बेला छोराहरूको जिद्दी उनको लागि बोझ थिएन, माया थियो । आज भने उनी आफैँ त्यही जिद्दीको नाममा व्याख्या हुन थालेका थिए ।

समय सँगै घरभित्र अर्को आगो बल्न थाल्यो– सम्पत्तिको । छोराहरू भेला भए । कागज, नापजाँच, हिसाबकिताब सुरु भयो । "मैले धेरै खर्च गरेको छु ।" "मैले धेरै सेवा गरेको छु ।" "मलाई बढी हिस्सा चाहिन्छ ।"अनि एकजनाले सिधै भन्यो, "अब बुबालाई किन चाहियो र ? आज हो, भोलि त हामी नै हो नि ।"

त्यो शब्दले बुबाको मन भित्रैदेखि चिरियो । उनले आँखा बन्द गर्दै बिस्तारै भने, "सम्पत्ति जोड्न त सकेँ...तर संस्कार र नैतिक शिक्षा दिन सकिनँ ।"

केही दिनपछि बुबाको सास रोकियो । घरमा रोदन भयो, तर त्यो धेरै दिन टिकेन । छिट्टै भागबन्डा सुरु भयो । जग्गा नापियो, घर छुट्याइयो, कागज बन्यो । सुरुमा सामान्यजस्तो देखिएको कुरा बिस्तारै झगडामा बदलियो ।

"यो मेरो हो !" मैले धेरै गरेको !""तँले के गरेको छस् ?"

दाजुभाइबिच सम्बन्ध चिसिँदै गयो । अन्तत: सम्पत्ति बाँडियोतर सम्बन्ध टुट्यो । एकदिन झगडाकै क्रममा एक छोरो रिसाउँदै भन्यो–"सबै दोष बुबाकै हो । बाँचेकै बेलामा मिलाइदिएको भए यस्तो हुने थिएन ।"अर्कोले थप्यो–"बुबालाई अलिकति बुद्धि भएको भए हामी यस्तो टाढा हुने थियौँ र ?" तेस्रोले कटु हाँसो हाँस्दै भन्यो–"सम्पत्ति जोड्नुभयो, तर मिलाउन जान्नुभएन ।"

त्यो घर, जहाँ कहिल्यै परिवारको आवाज गुञ्जिन्थ्यो,आज सुनसान भयो । तर, कथा त्यहीँ टुङ्गिएन । त्यो सबै दृश्य छोराहरूका आफ्नै सन्तानले चुपचाप हेरिरहेका थिए ।

समय फेरियो । ती सन्तानहरू हुर्किए, ठुला भए । एकदिन उनीहरूका बुबाहरू–त्यही छोराहरू–आफैँ बुढा भए । अब उनीहरूलाई पनि औषधि चाहियो, स्याहार चाहियो । तर इतिहासले कहिल्यै उधारो राख्दैन । फेरि त्यही आवाजहरू फर्किए–"औषधि खान मान्दैन । जिद्दी गर्छ । हामीले भनेको सुन्दैन ।"

एकदिन त उनीहरूका आफ्नै छोराले सीधै भनिदिए–"हामी पनि कति हेर्ने ?" अर्कोले थप्यो– "हामीलाई पनि आफ्नो जिन्दगी छ, दिनभर तपाईँको पछि लाग्न सक्दैनौँ ।"

अन्तत: त्यही शब्द दोहोरियो–"अब किन चाहियो ? भोलि हाम्रै त हो नि ।"त्यो सुन्दा उनीहरू नि:शब्द भए । किनकि त्यो आवाज नयाँ थिएन–त्यो त इतिहास बोलेको थियो । त्यस दिन उनीहरूले स्पष्ट बुझे ।

सम्पत्ति मात्र होइन, राम्रा-नराम्रा व्यवहार, आचरण, संस्कार र नैतिक शिक्षा पनि पुस्ता-पुस्तामा सर्दोरहेछ । सिस्नु रोपेर तुलसीको आशा गर्न सकिँदैन तर यो सत्य बुझ्दा धेरै ढिलो भइसकेको थियो ।

यो कथा एउटा परिवारको मात्र होइन– हाम्रो समाजको ऐना हो । आमाबुबाले सन्तानका लागि जीवन अर्पण गर्छन् तर यदि त्यो जीवन सही मूल्य र संस्कारबिना बित्यो भने त्यसको परिणाम पुस्तौँसम्म देखिन्छ ।

सम्पत्ति जोड्नु मात्र ठुलो कुरा होइन– सम्बन्ध जोगाउनु, समयमै न्यायोचित रूपमा मिलाउनु र सन्तानलाई सही संस्कार दिनु त्यसभन्दा धेरै ठुलो कुरा हो ।

किनकि, अन्तत: हामीले छोड्ने सबैभन्दा ठुलो धन लालपुर्जा मात्र होइन– संस्कार, व्यवहार र मानवता नै हो ।

कविता

# सुकुमवासी र राजनीति

आर.के. विद्रोही

संसद्‌को छायामा उठ्यो आवाज,
सुकुमवासी जनताको साझा सन्देश,
न्यायबिना डोजर चल्दा पीडित मन,
सुकुमवासीको सपना भत्किएको देश ।

घर होइन ती त जीवनका कथा,
इँटामा गाँसिएका आशाका रङ्ग,
एकै झट्कामा मेटियो इतिहास,
रुँदै बस्यो मान्छे, मौन भयो ढङ्ग ।

सभामुखको कोठामा छलफलको घेरा,
प्रश्नहरू उभिए गम्भीर र भारी,
किन आयो अध्यादेशको बाटो,
संसद् रोकेर किन गरियो तयारी ?

आवाज उठ्यो - न्याय चाहियो अब,
सत्ता होइन जनताको हो अधिकार,
व्यवस्थापनबिना उजाडिने बस्ती,
कसरी सहन्छ पीडाको त्यो भार ?

राजनीतिक गल्लीमा गुञ्जियो प्रश्न,
लोकतन्त्रको मूल्यमाथि किन प्रहार ?
उत्तर खोज्दै उभिएको राष्ट्र,
न्यायको बाटो होस् सधैँ स्पष्ट र सार ।

आशा अझै बाँकी छ मनभित्र कतै,
सत्य र सहानुभूति जागोस् फेरि,
सुकुमवासीको आँसु पुछ्ने उस्तै,
लेखियोस् इतिहास - मानवता नमारी ।

# काला मन भएकाहरू

साहिँला

आजभोलि नयाँ-नयाँ रूपरङ्गका
विदेशी कठपुतलीहरू
मालिकको नुन सोझ्याउन
कोभन्दा को कम भन्दै
आफूले झैँ अरूले गऱ्यो कि ?
आफूलाई कसैले उछिन्यो कि ?
हरपल हर समय
बर्बराउन थालेका छन्
काला मन भएकाहरू ।

कोही मतको मातले
कोही भातको मातले
कोही सुलसुले जातले
कोही सार्वजनिक सम्पत्ति खाएको मातले
कोही मन नपर्ने स्वास्नीको
सासै गन्हाउने निहुँमा मात्ने
थरीथरीका छन् समाजमा
काला मन भएकाहरू ।

अपर्झट कसैले
चोरको खुट्टा काट्भन्दा
बेहोसीमै खुट्टा उचाल्नेहरू
आफ्नो कर्तुत छोप्न
कुनै पनि शक्तिको अगाडि
लम्पसार पर्दछन्
काला मन भएकाहरू ।

छरछिमेकी समाज उसको निम्ति
असल मित्र होइन
परम शत्रु ठान्दछन्
हुने नहुने काम गरी
बदनामी कमाएकाहरूलाई
आफ्नै छायादेखि तर्सँदै हिँड्छन्
काला मन भएकाहरू ।
मनमा शान्ति कहिल्यै हुँदैन
कुनै बेला बुल्डोजर लाउने त होइन ?
पिरै पिरले लोभीहरू
गंगाजलको लतमा पर्दै
तीन-तीन घण्टी बजाएको थानी
खाली हात हल्लाई हल्लाई
दोबाटोमा बसी बेहोसीमा
भूतलाई देउता सम्झी
काला मन भएकाहरू ।
सत्यता उनीहरूको लागि
महाशत्रु भए
इमानदारिता उनीहरूको लागि
त्राश भए
देशभक्ति उनीहरूको लागि
पाप भए
अन्तर्राष्ट्रवाद उनीहरूको लागि
वाहियात भए
काला मन भएकाहरूलाई ।

*संरा...*

छन् । तिनीहरू विभिन्न भाषा बोल्दछन् । त्यस्तै, खेती र उद्योगको विकास गर्न अफ्रिकाबाट पहिले हजारौँ अफ्रिकी वा हब्सीहरू अमेरिकामा दासको रूपमा ल्याइएका थिए । अमेरिकी हब्सीहरूलाई अफ्रो अमेरिकी पनि भन्ने गरिन्छ । तिनीहरूको पुस्ता अहिले मजदुरहरूको रूपमा कायमै छन् । त्यस्तै चीन र अरू विभिन्न देशका मजदुरहरू पनि अमेरिकामा छन् । यसप्रकार संरा अमेरिकाको मजदुरवर्ग विभिन्न भाषा, संस्कृति र देशहरूबाट आएका हुनाले तिनीहरूको सोचाइ र रङ्गढङ्गमा पनि भिन्नता हुनु स्वाभाविक कुरा हो । अमेरिकी पुँजीपतिवर्ग त्यही विभिन्नताबाट फाइदा उठाई मजदुरवर्गमा फुट ल्याउन सफल भएको थियो ।

पुँजीपतिवर्ग एउटा जाति र भाषाका मजदुरहरूलाई अर्को जाति र भाषाका मजदुरहरूको विरोधमा झगडा लगाउँथ्यो । गोरा वा स्थानीय अमेरिकी मजदुरहरूलाई विदेशी वा 'रङ्गीन छाला' भएको हब्सी, चिनियाँ र अरू जाति र देशका मजदुरहरूको विरोधमा झगडा लगाउँथ्यो । गोरा मजदुरहरूलाई 'रङ्गीन छाला' का मजदुरहरूभन्दा माथिल्ला जातका हुन्छन् भन्ने भावना फैलाएर मजदुरवर्गमा फुट र आपसी भेदभाव बढाउँथ्यो । विदेशी वा प्रवासी मजदुरहरूको वृद्धिले संरा अमेरिकामा श्रमशक्ति बढी हुन्छ, बढी श्रमशक्ति भएपछि अमेरिकी वा गोरा मजदुरहरूको पनि ज्याला घट्छ भनेर पुँजीपतिवर्गले अमेरिकी मजदुरहरूलाई भड्काउँथ्यो । आफ्नो ज्याला घट्ला भनिने अमेरिकी मजदुरहरूको डरबाट संरा अमेरिकी पुँजीपतिवर्गले फाइदा उठाउँथ्यो ।

अर्कोतिर अमेरिकी पुँजीपतिवर्ग प्रवासी वा हब्सी मजदुरहरूलाई कम ज्याला दिएर बढी शोषण पनि गर्थ्यो, माथिल्ला मजदुरहरूलाई ज्याला बढाएर घुस दिन्थ्यो र तिनीहरूलाई अनेक सहुलियत दिएर एक प्रकारको श्रमिक राजा-रजौटा र कुलीनवर्ग तयार गर्थ्यो । त्यसप्रकार मजदुरवर्गमा अनेक जालझेल र भेदभाव ल्याएर अमेरिकी मजदुर आन्दोलनलाई असफल तुल्याइएको थियो ।

संरा अमेरिकामा सबभन्दा पहिलो मार्क्सवादी मजदुर सङ्गठनहरू बनाउनेहरूमा मार्क्सका साथी बेडेमेयर हुनुहुन्थ्यो । १८५० तिर उहाँ अमेरिकामा सङ्गठन गर्न जानुभएको थियो । बेडेमेयरले १८४८ को जर्मनीको क्रान्तिमा भाग लिनुभएको थियो । उहाँ कम्युनिस्ट लिगको सदस्य पनि हुनुहुन्थ्यो । उहाँले अमेरिकामा मार्क्सवादी सङ्गठनहरू बनाउन धेरै साथीहरू बनाउनुभएको थियो । उहाँ सफल हुनुभएन । तर, पनि उहाँको मेहनत खेर गएन ।

***समाप्त***

***स्रोत : 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' बाट***

# भक्तपुर नगरपालिका वडा नं. १ मा १० दिने उद्घोषण (एमसी) तालिम सुरु



भक्तपुर, वैशाख २५ । भक्तपुर नगरपालिका वडा नं. १ मा बिहीबार देखि १० दिने उद्घोषण (एमसी) तालिम सुरु भएको छ । युवाहरूको सार्वजनिक बोल्ने कला, आत्मविश्वास तथा सञ्चार क्षमताको विकास गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा उद्घाटन भएको उक्त कार्यक्रममा उहाँले कार्यक्रम सफल बनाउने महत्त्वपूर्ण जिम्मेवारी उद्घोषकको हुने बताउनुभयो । "कार्यक्रममा जति नै राम्रो वक्ता भए पनि कार्यक्रमलाई प्रभावकारी बनाउने वा नबनाउने भूमिका उद्घोषकमै निर्भर हुन्छ," उहाँले भन्नुभयो ।

पछिल्लो समय उद्घोषण क्षेत्र व्यवसायिक बन्दै गएको उल्लेख गर्दै उहाँले तालिममा सहभागी युवाहरूले भविष्यमा यसलाई पेसाका रूपमा अघि बढाउन सक्ने धारणा व्यक्त गर्नुभयो । उहाँले भक्तपुर नगरपालिकाले युवामैत्री तथा सीपमूलक विभिन्न व्यवसायिक तालिमहरू सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति तथा वडा नं. १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले नगरपालिकाले प्रशासनिक सेवा मात्र नभई वडावासीहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले १० दिने उक्त तालिमले सहभागी युवाहरूको आत्मविश्वास वृद्धि गर्नुका साथै प्रभावकारी बोल्ने कला विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

तालिममा रेडियो कान्तिपुरका सञ्चारकर्मी तथा कार्यक्रम प्रस्तोता किरण सुवाल प्रशिक्षकको रूपमा र हनुभएको छ । तालिममार्फत सहभागीहरूलाई मञ्च सञ्चालन, प्रभावकारी प्रस्तुति कला, स्रोतासँगको अन्तरक्रिया तथा आत्मविश्वास अभिवृद्धिसम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिने जनाइएको छ ।

कार्यक्रममा वडा नं. १ शिक्षा समितिका सदस्य लक्ष्मीसुन्दर सुवाल र वडा सचिव विजय लोहलाले पनि बोल्नुभएको थियो ।

# दैलेखमा ४२० हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा

दैलेख, २५ वैशाख । दैलेख जिल्लाका विभिन्न वन क्षेत्रको जग्गा अतिक्रमण हुनेक्रम बढेपछि प्राकृतिक सम्पदा र वनको अस्तित्व नै सङ्कटमा पर्न थालेको छ ।

डिभिजन वन कार्यालय दैलेखको पछिल्लो तथ्याङ्कअनुसार जिल्लाभर हालसम्म कुल ४२०.२९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको पाइएको छ ।

जिल्लामा रहेका छ वटा सब-डिभिजन वन कार्यालयले स्थानीय तहमा वन सुरक्षा, अतिक्रमण नियन्त्रण र गैरकानुनी गतिविधिको निगरानी गर्दै आए तापनि बढ्दो मानवीय हस्तक्षेप र अवैध कब्जाका कारण वन विनाश मुख्य चुनौती बनेको छ ।

प्राप्त तथ्याङ्कअनुसार जिल्लाका सबै ११ वटै स्थानीय तहमा वन अतिक्रमणको समस्या देखिएको छ । जसमा रामाघाट सब-डिभिजनअन्तर्गत पर्ने चामुण्डाविन्द्रासैनी नगरपालिका र ठाँटीकाँध गाउँपालिकामा सबैभन्दा बढी अर्थात् २४०.१० हेक्टर जमिन, अतिक्रमण भएको छ ।

यस्तै, महाबु सब-डिभिजनअन्तर्गत पर्ने (महाबु र नौमुले गाउँपालिका) मा ६२.१२ हेक्टर जमिन र दुल्लु सब-डिभिजनअन्तर्गत पर्ने (दुल्लु नगरपालिका र भैरवी गाउँपालिका) ५९.५१ हेक्टर जमिन, वनक्षेत्र अतिक्रमित भएको छ ।

यसैगरी, राकम कर्णाली सब-डिभिजनअन्तर्गत पर्ने आठबिस नगरपालिकामा एउटा मात्र पालिका पर्दछ । जसमा २५.७२ हेक्टर जमिन अतिक्रमण परेको छ । डुङ्गेश्वर सब-डिभिजनअन्तर्गत पर्ने (डुङ्गेश्वर र गुराँस गाउँपालिका) मा १८.९२ हेक्टर जमिन, तथा लोहोरे सब-डिभिजनअन्तर्गत पर्ने (नारायण नगरपालिका र भगवतीमाई गाउँपालिका) मा १३.८९ हेक्टर जमिन अतिक्रमणको चपेटामा परेको छ । जिल्लाभरकै यो तथ्याङ्कलाई हेर्दा रामाघाट क्षेत्रमा सर्वाधिक दोहन भएको देखिन्छ ।

विशेषगरी चामुण्डाबिन्द्रासैनीको जम्मुकाँध र ठाँटीकाँध क्षेत्रमा सार्वजनिक जग्गाको दोहन तीव्र देखिएको छ । यी दुई पालिकामा मात्र ५३३ जनाले सार्वजनिक जग्गा अतिक्रमण गरेर बसोबास गरिरहेका छन् । अव्यवस्थित बसोबासी' का रूपमा दर्ता हुने प्रक्रियाको आडमा कतिपय पहुँचवाला र समाजका टाठाबाठा व्यक्तिहरूले सार्वजनिक वन क्षेत्र र मध्यपहाडी लोकमार्ग आसपासका जग्गामा पक्की संरचना निर्माण गरेको पाइएको छ ।

डिभिजन वन कार्यालय दैलेखका प्रमुख अमर शाहले सार्वजनिक जग्गाको विषयमा कानुनमा भएको व्यवस्थाअनुसार कडा रूपमा अघि बढ्ने बताउनुभयो । उहाँका अनुसार सडक र वनक्षेत्र मिचेर संरचना नबनाउन पटक-पटक पत्राचार र भौतिक रूपमै भेटेर आग्रह गर्दासमेत कतिपयले अटेर गरी संरचना निर्माण गरिरहेका छन् । "कानुनको ठाडो उल्लङ्घन गर्नेको अनुसन्धान भइरहेको छ", प्रमुख शाहले भन्नुभयो, "अतिक्रमणकारीलाई वन क्षेत्रको सार्वजनिक कानुन अनुसार छिट्टै कानुनी दायरामा ल्याइनेछ ।"

जिल्लाको कुल ४२०.२९ हेक्टर वन क्षेत्र अतिक्रमित हुनुले वातावरणीय सन्तुलनमा गम्भीर असर पुऱ्याएको छ । जैविक विविधता सङ्कटमा परेको र सरकारी कानुनको उल्लङ्घन भइरहेको भन्दै स्थानीयस्तरमा चिन्ता व्यक्त गरिएको छ । *(रासस)*

# नदीजन्य तथा खानीजन्य पदार्थको उत्खननलाई स्वीकृत मापदण्डबमोजिम गराउन प्रधानमन्त्री कार्यालयको निर्देशन

काठमाडौँ, २५ वैशाख । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन-सङ्कलनलाई स्वीकृत मापदण्ड, वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रचलित कानुनबमोजिम मात्र गराउन सम्बन्धित मन्त्रालय र तहलाई निर्देशन दिएको छ ।

सो कार्यालयले दिएको निर्देशनमा निर्माणमा उपयोग हुने ढुङ्गा, गिटी, बालुवा, माटोलगायत नदीजन्य र खानीजन्य पदार्थको उत्खनन स्थानीय तहबाट हुँदै आएकामा नदीजन्य र खानीजन्य पदार्थको उत्खनन, सङ्कलन, ओसारपसार तथा बिक्रीवितरणलगायत कार्य गैरकानुनी तरिकाले भइरहेको गुनासो र जानकारीप्रति ध्यानाकर्षण भएको जनाएको हो ।

प्रचलित कानुन, मापदण्ड तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी नीतिबमोजिम विकास निर्माण कार्यमा नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई यस्ता स्रोतसाधनको अत्यधिक दोहनलाई निरुत्साहित गरी उत्खनन, सङ्कलन, ओसारपसार र उपयोग कार्यलाई व्यवस्थित, पारदर्शी तथा दिगो बनाउन भनिएको छ ।

प्रधानमन्त्री कार्यालयले गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, सबै मुख्यमन्त्री र स्थानीय तहलाई पत्राचार गरी सो आग्रह गरेको हो ।

जथाभावी उत्खनन, अवैध सङ्कलन तथा अनधिकृत ओसारपसार कार्यलाई पूर्ण रूपमा नियन्त्रण गर्न नियमित गस्ती परिचालन, जोखिम क्षेत्रमा स्थानीयवासी समेतको रोहवरमा अनुगमन तथा अवैध उत्खनन, सङ्कलन तथा ओसारपसार कार्यमा तत्काल प्रहरी प्रशासनबाट नियन्त्रण गर्न निर्देशन दिइएको छ ।

नदी, खोला, वन क्षेत्र, खेतीयोग्य जमिन तथा बस्ती क्षेत्रमा वातावरणीय विनाश नहुनेगरी मात्र उत्खनन कार्य सञ्चालन गर्ने र स्थानीय तहहरूले नदीजन्यवस्तुको उत्खनन समय दैनिक बिहान ६:०० बजेदेखि बेलुका ६:०० बजे तोक्ने गरी आवश्यक व्यवस्था मिलाउने भनिएको छ ।

खानीजन्य पदार्थको उत्खनन तथा प्रयोग गर्दा श्रमिक सुरक्षा, वातावरण संरक्षण तथा स्थानीय समुदायको हितलाई प्राथमिकता दिन, उत्खननबाट प्राप्त राजस्व गुम्न नदिन वास्तविक कारोबार मूल्यमा बीलबिजक जारी हुने अवस्था सुनिश्चित गर्ने तथा कारोबारबिना बीलबिजक जारी गर्ने अवस्थालाई निरुत्साहित गर्न, सम्बन्धित स्थानीय तहले सरोकारवालासँगको समन्वयमा नदी तथा खानीजन्य पदार्थको दिगो उपयोगका लागि जनचेतनामूलक कार्यक्रम तत्काल सञ्चालन गर्न निर्देशन दिइएको छ ।

सो सम्बन्धमा भएका प्रगति तथा समस्याका सम्बन्धमा गृह मन्त्रालयले प्रत्येक महिनाको पहिलो हप्ता प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस पनि भनिएको छ । *(रासस)*

# बैतडीमा धन्यवादज्ञापन कार्यक्रम

बैतडी, २५ वैशाख । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. १ मा नेपाल मजदुर किसान पार्टीको तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार एवं पार्टीका केन्द्रीय सदस्य नवराज कोइरालाले बैतडी जिल्लाका मतदाताहरूसमक्ष पुगी धन्यवाद ज्ञापन गर्नुभएको छ ।

धन्यवाद ज्ञापनको क्रममा बुधबार उहाँ जिल्लाको मेलौली नगरपालिका वडा नं ७ को स्वाखानी, काँडा र वडा नं. ६ को लामा लेक तथा पाटन नगरपालिकाको लोर्खामा पुग्नुभएको थियो ।

सो अवसरमा उहाँले भन्नुभयो, "नेमकिपा जनतालाई मार्क्सवादबारे बुझाउन निरन्तर लागिरहेको छ । नेमकिपा देशभक्तिपूर्ण आन्दोलनमा अग्र मोर्चामा छ ।" उहाँले बिप्पा सम्झौता, एमसीसी सम्झौता खारेज गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उक्त कार्यक्रममा नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य विवेक कोजुको सहभागिता थियो ।

***यस्ता....***

(प्रुँधोको) 'गरिबीको दर्शन' लाई जवाफ दिँदै मार्क्सले 'दर्शनको गरिबी' लेख्नुभयो । उहाँले 'राजनीतिक अर्थशास्त्रको आलोचनामा एक योगदान' लेख्नुभयो । यी दुवै कृतिलाई पनि त्यसरी नै बेवास्ता गरियो । मौनताले मार्ने यो षड्यन्त्र १५ वर्षसम्म चालू रह्यो । त्यसपछि प्रथम इन्टरनेसनल र 'पुँजी' को पहिलो खण्डले त्यो षड्यन्त्र चिऱ्यो । मार्क्सलाई अब बेवास्ता गर्न सकिन्थेन । इन्टरनेसनल फस्टायो र विश्वभरि आफ्ना उपलब्धिहरूको सौरभ फैलायो । मार्क्सले आफूलाई पृष्ठभागमा राखेर अरूलाई गतिविधि गर्न दिनुभयो । तर, छिट्टै पर्दापछाडि को छ भनेर सबैले थाहा पाए ।

जर्मनीमा सामाजिक जनवादी पार्टीको स्थापना भयो । त्यो कति शक्तिशाली बन्यो भने त्यसमाथि प्रहार गर्नुअघि बिस्मार्कले त्यसको तारिफ गर्ने गर्थे । (मजदुर नेता) लासालका चेला स्वित्जरले श्रमजीवी जनताबिच (मार्क्सको कृति) 'पुँजी' को प्रचार गर्न शृङ्खलाबद्ध लेख लेखे । मार्क्सले ती लेखको प्रशंसा गर्नुभयो । इन्टरनेसनलको महाधिवेशनमा जोहान फिलिप बेकरले राखेको प्रस्ताव पारित भयो । प्रस्तावमा विश्वका सबै देशका समाजवादीहरूले 'पुँजी' लाई 'श्रमजीवी वर्गको बाइबल' को रूपमा ध्यान दिनुपर्ने निर्देशन थियो ।

सन् १८७१ मार्च १८ को विद्रोहलाई मान्छेहरूले इन्टरनेसनलको निर्देशनअनुसार भएको अर्थमा लिन खोजे । पेरिस कम्युनलाई विश्वभरिका पुँजीवादी छापाहरूको आक्रोशबाट बचाउने जिम्मेवारी प्रथम इन्टरनेसनलको परिषद्ले लिएको थियो । यी दुवै विद्रोह विफल भए । तर, यसपछि संसारभरि मार्क्सको नाम चल्यो । उहाँलाई वैज्ञानिक समाजवादका महानतम् सिद्धान्तकार मानियो; प्रथम अन्तर्राष्ट्रियले चलाएको श्रमजीवी वर्गीय आन्दोलनका सङ्गठक भनियो ।

'पुँजी' सबै देशका समाजवादीहरूको लागि मार्गदर्शक बन्यो । सबै समाजवादी र श्रमजीवीवर्गका पत्रपत्रिकाले यसका वैज्ञानिक सिद्धान्तहरूको प्रचारप्रसार गरे । न्युयोर्कमा ठुलो हडताल भयो । हडतालको बेला 'पुँजी' का अनुच्छेदहरूलाई पर्चाको रूपमा प्रकाशित गरिएको थियो । त्यसले मजदुरहरूलाई कष्ट सहन प्रेरित गऱ्यो र तिनको माग कति जायज छ भनेर देखाइदियो ।

'पुँजी' लाई रुसी, फ्रान्सेली र अङ्ग्रेजीजस्ता युरोपका प्रमुख भाषाहरूमा उल्था गरियो । त्यसका अनेक परिच्छेदलाई जर्मन, इटालियन, फ्रेन्च, स्पेनिस र डच भाषामा प्रकाशित गरियो । युरोप र अमेरिकामा विरोधीहरूले 'पुँजी' मा उल्लेख सिद्धान्तहरूको खण्डन गर्न खोज्दा अर्थविद्हरूले तिनको मुख थुन्ने गरी समाजवादी जवाफ फर्काइहाल्थे । साँच्चै आज 'पुँजी' इन्टरनेसनलको महाधिवेशनले भनेजस्तो 'श्रमजीवी वर्गको बाइबल' बनेको छ ।

अन्तर्राष्ट्रिय समाजवादी आन्दोलनमा भाग लिँदा मार्क्सले आफ्नो वैज्ञानिक खोजबिनका लागि कम समय पाउनुभयो । आफ्नी पत्नी र जेठी छोरीको निधनले झन् ठुलो आघात पऱ्यो ।

पत्नीप्रति उहाँको प्रेम गहन र घनिष्ट थियो । पत्नीको सौन्दर्य उहाँको गौरव र आनन्द थियो । क्रान्तिकारी समाजवादीको रूपमा उहाँले जीवनमा अनेक उकालीओराली भोग्नुपऱ्यो । त्यसले गर्दा उत्पन्न हुने कठिनाइलाई पत्नीको सरलता र समर्पणले हलुका बनाइदिन्थ्यो । जून व्यथाले जेनी मार्क्स बित्नुभयो, त्यसले उहाँका पतिको जीवन पनि छोट्यायो । उहाँ लामो र दुःखदायी व्यथाले थला पर्नुभयो । त्यो बेला मार्क्स पनि अनिद्राका साथै व्यायाम, ताजा हावाको अभावले गल्नुभयो । मनोबल कमजोर भयो । उहाँलाई निमोनियाले समात्यो । त्यही व्यथाले पछि उहाँको जीवन हऱ्यो ।

सन् १८८१ डिसेम्बर २ गते श्रीमती मार्क्स बित्नुभयो । अन्तिम क्षणसम्म पनि उहाँ एक कम्युनिस्ट र भौतिकवादी रहनुभयो । उहाँ मृत्युसँग डराउनुभएन । मृत्युले उहाँलाई यातना दिन सकेन । अन्तिम घडी नजिकिँदै गरेको आभास पाएपछि उहाँले भन्नुभयो, "कार्ल, मेरो तागत सक्किँदै छ ।" उहाँका अन्तिम शब्द थिए ती । यिनै शब्द बुझ्न सकियो ।

डिसेम्बर ५ गते हाइगेट चिहानभित्र धर्मले पवित्र नपारिएको जमिनमा उहाँलाई समाधिस्थ गरियो । उहाँ र मार्क्सको बानीअनुरूप उहाँको अन्त्येष्टिमा सार्वजनिक तामझाम गरिएन । थोरै घनिष्ट मित्रहरूले शवलाई बोकेर उहाँको अन्तिम विश्रामस्थलमा पुऱ्याए । उहाँको चिहानमा मार्क्सका पुराना मित्र एङ्गेल्सले मन्तव्य राख्नुभयो ।

पत्नीको निधनपछि मार्क्सको जीवन एकपछि अर्को शारीरिक र मानसिक कष्टमा डुब्दै गयो । ठुलो पराक्रमसाथ उहाँले त्यो सकसको सामना गर्नुभयो । एक वर्षपछि उहाँकी जेठी छोरी जेनीको आकस्मिक निधन भयो । यसले उहाँ मर्माहत हुनुभयो र कहिल्यै निको हुनुभएन ।

६४ वर्षको उमेरमा सन् १८८३ मार्च १४ गते आफ्नै कुर्सीमा उहाँ बित्नुभयो ।

***समाप्त***

***अनुवाद : मोहिनी***

**लोकतन्त्र दिवस, २०८२**

- ❖संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- ❖नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
- ❖विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- ❖सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- ❖भ्रष्ट्राचार र अन्यायका विरुद्ध सचेत रहौं,
- ❖लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं।

सबल लोकतन्त्र, समृद्ध राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा